ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई नीति, २०६०
परीक्षण
प्रतिवेदन

२०७४

विषय सूचि

क्र.सं.	विषय	पेज नं
1	परिचय	1
2	अध्ययनको उद्देश्य	3
3	अध्ययन र नीति परीक्षणको विधि	4
4	अध्ययन र नीति परीक्षणको सीमा	5
5	नीतिगत व्यवस्था, कार्यान्वयन संयन्त्र र बजेट	6
6	कार्यान्वयन र उपलब्धिको लेखाजोखा	21
7	निचोड र सुझावहरु	35

पहिलो परिच्छेद
परिचय

स्वच्छ खानेपानी सुरक्षित फोहर व्यवस्थापन र शारिरीक आरोग्यता सम्बन्धी सचेतना र व्यवहार सभ्य समाजको द्योतक हो । यी सेवाहरुको उपलब्धता, उपयोग, गुणस्तर र प्रभावकारीताको मानव स्वास्थ्यमा गम्भीर प्रभाव पर्दछ । असुरक्षित पानी, अपर्याप्त फोहर व्यवस्थापन र व्यक्तिगत आरोग्यता तथा पोषणका सम्बन्धमा सावधानीको अभावमा मानव स्वास्थ्य सम्बन्धी अनेकौं समस्याहरु उत्पन्न हुन्छन् । विभिन्न अध्ययनहरुले खानेपानी, सरसफाई र आरोग्यता सम्बन्धी सचेतना, सेवाहरुमा पहुँच र गुणस्तरको आम जनसमुदायको स्वास्थ्य (ब्रुकर र अन्य २००८, बात्रम तथा कैरन्क्रस, २०१०, प्रुस–उस्तन, २०१४) बालमृत्यू दर (फिन्क र अन्य, २०११, आर्नोल्ड, २०१३) र मातृ मृत्यूदर (बिनोवा र अन्य, २०१४, डब्लुएचओ र युनिसेफ, २०१२) सँग बलियो सम्बन्ध रहेको कुरा पुष्टि गरेका छन् । विगत दशकहरुमा विश्वव्यापी रुपमै खानेपानी र सरसफाईलाई मानव अधिकारको रुपमा स्थापित गर्ने र सुरक्षित खानेपानी र सरसफाई सेवाहरुमा सबैको पहुँच पुर्याउने प्रयास भैरहेको छ ।

२८ जुलाई २०१० मा संयुक्त राष्ट्रसंघको साधारणसभाले स्वच्छ, सुरक्षित खानेपानी र सरसफाईको अधिकारलाई सार्वभौम मानव अधिकारको रुपमा घोषणा गरी सबै सदस्य राष्ट्रहरुलाई “सबैका लागि खानेपानी र सरसफाईको लक्ष्य प्राप्तिका लागि थप प्रयासहरु गर्न अपिल गरेको थियो । सहस्राब्दी विकास लक्ष्यले यो एजेण्डालाई अघि बढाउन मदत गर्यो तर समग्र दिशा निर्देश र प्रक्रियाहरुतर्फ भन्दा सूचकहरुमा अत्यधिक जोड दिंदै प्राय तदर्थवादी र टप डाउन पद्धतिमा बढि भरपर्यो (मोविक र मेहता, २००९)। सहस्राब्दी विकास लक्ष्यले यसलाई एक विश्वव्यापी अभियानको रुपमा भने स्थापित गर्यो । तर अझै जनस+ख्याको ठूलो भाग सुरक्षित खानेपानी र अझ विशेष गरी सरसफाई सेवाबाट बञ्चित रहेका छन् । विश्व स्वास्थ्य संगठनका अनुसार हाल विश्वका ९१ प्रतिशत जनसँख्याको सुधारिएको खानेपानी सेवामा र ६८ प्रतिशतको सुधारिएको सरसफाई सेवामा पहुँच रहेको छ (डब्लुएचओ, २०१७)। यही कर्मका लागि करोडौ मानिसहरुले हरेक दिन जोखिम र लज्जाजनक परिस्थितिहरुको सामना गर्नुपरेको छ । एक तथ्याँक अनुसार सन् २०१५ सालसम्म आईपुग्दा पनि विश्वमा झण्डै एक अर्व मानिसहरुले अझै खुलास्थानमा दिसापिसाव गर्दछन् जसले गर्दा कुपोषण, पुड्कोपन, झाडापखालाको नियन्त्रणमा कठिनाइ भैरहेको छ (युनिसेफ, २०१५) । सरसफाइलाई हल्का रुपमा चर्पिको व्यवस्थाको रुपमा मात्र हेर्नु हुँदैन । यसमा दिसा पिसाव लगायत तरल र ठोस फोहरको संकलन, ओसार पसार, प्रशोधन, विसर्जन र पुनप्रयोग सम्मको सम्पूर्ण चक्र समाविष्ट हुन्छ । कुनै एक चरणमा अवरोध वा समस्या आएमा त्यसबाट पूरै चक्र प्रभावित हुन्छ । यसै पृष्ठभूमिमा हाल संयुक्त राष्ट्रसंघको नेतृत्वमा कार्यान्वयन भैरहेको दीगो विकासका लक्ष्यहरु हासिल गर्ने विश्वव्यापी अभियानमा खानेपानी र सरसफाईलाई पनि विशेष महत्वका साथ समाविष्ट गरिएको छ ।

संसारभर लामो समयदेखि खानेपानी र सरसफाईको एजेण्डा परस्पर आवद्ध भएको पाइन्छ तर विगतमा खानेपानीको तुलनामा सरसफाई र आरोग्यका सवालहरु गौण रहेका थिए । त्यसैले यी क्षेत्रमा लगानी पनि कम भएको थियो । नीतिगत अस्पष्टता र असंगतिहरु, विश्रृंखलित र छरिएको कार्यान्वयन, विभिन्न निकाय र पदाधिकारीहरु वीचको कार्य विभाजनमा अस्पष्टता र पुनरावृत्तिका समस्याहरु रहेका थिए । अहिले स्थितिमा केही परिवर्तन आएको छ । सरकारी गैरसरकारी क्षेत्र, विकास साझेदारहरु र पदाधिकारीहरुको प्रभावकारी सञ्जाल तयार भएको छ । सूचना र तथ्याँकहरु आदान प्रदान हुन थालेका छन् ।

कार्यक्रमहरुलाई अनुपुरक र सहक्रियात्मक ढँगले कार्यान्वयन गर्न खोजिएको छ । सञ्चार माध्यम र नीति निर्माताहरुले पनि यो एजेण्डालाई महत्व दिन थालेको पाइन्छ । धेरै मुलुकहरुले पृथक साँगठनिक संरचनाहरु, पृथक नीतिहरु र कार्यान्वयन निकायहरुको व्यवस्था गरेका छन् । विश्वभरको प्रवृत्ति हेर्दा बलियो राजनीतिक प्रतिबद्धता, स्थानीय सरकारहरुको नेतृत्वदायी भूमिका, स्पष्ट नीति र लक्ष्य निर्धारण, पर्याप्त स्रोत विनियोजन, मानव संशाधनको विकास, उपयुक्त प्रविधिको छनौट, उपलब्ध वित्तिय स्रोतको उच्चतम उपयोग, सुशासन, सरकारको तर्फबाट प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण, एक नेतृत्वदायी लिड एजेन्सीको स्थापना र विभिन्न निकायहरु बीच प्रष्ट जिम्मेवारीहरुको विभाजनलाई सफलताका तत्वहरु मानिएको छ ।

नेपालमा दोस्रो आवधिक योजना (२०१८/१९—२०२०/२१) देखि खानेपानी आपूर्ति र सरसफाइसम्बन्धी कार्यक्रमहरु व्यवस्थित रुपमा आरम्भ भएको हो । संयुक्त राष्ट्रसंघबाट प्रायोजित खानेपानी तथा सरसफाई दशक (१९८१–१९९०)को घोषणापछि अभियानले थप उर्जा प्राप्त गर्यो । यस क्षेत्रको बिकास र विस्तारका लागि गैससहरुले पनि सरकारसँग हातेमालो गर्न थाले । त्यसमा पनि सहस्राब्दी विकास लक्ष्य यसका लागि एउटा कोसेढुँगा नै सावित भयो । यसले प्रष्ट लक्ष्य र सूचकहरु निर्धारण गरी विकास साझेदारहरुलाई पनि क्षेत्रको विकासमा समाहित गर्यो । सन् १९७२ मा खानेपानी तथा ढल निकास विभागको स्थापना भएपछि सो विभागले खानेपानी तथा सरसफाई क्षेत्रको लिड एजेन्सीको रुपमा काम गर्दै आएको छ । विभागको बिस्तृत संस्थागत अनुभव र पूर्वाधारहरु तयार भएका छन् । (खानेपानी तथा ढल निकास विभाग, २०१४) ।

तेस्रो र त्यसपछिका आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमहरुले हजारौ खानेपानी आपूर्तिसम्बन्धी आयोजनाहरु कार्यान्वयन गर्दै आएका छन् । नवौ योजना अवधिमा खानेपानी आयोजनाहरुको दीगोपनका लागि निर्माण, संचालन र मर्मत सम्भारमा उपभोक्ता समूह र आम जनसमुदायको सहभागितामा विशेष जोड दिइयो । त्यस्तै, स्वास्थ्य, शिक्षा र सरसफाई कार्यक्रम र सचेतना कार्यक्रमहरु पनि सँगसँगै संचालन गरियो । नवौ योजनाको अन्तमा ७१.६ प्रतिशत जनसँख्याको खानेपानीमा पहुँच थियो । त्यसबेला सम्म बहुसँख्यक जनसमुदाय वातावरणीय, सामाजिक र वैयक्तिक आरोग्य एवं सरसफाईको महत्वप्रति त्यति जागरुक थिएनन् । त्यसैले जलजनित रोगको संक्रमण नियन्त्रण भन्दा वाहिर पुगिरहन्थ्यो (रा.यो.आ., २०५८ दशौं योजना)। यस सन्दर्भमा दशौ योजनाले पर्याप्त खानेपानी आपूर्तिसँगै आवद्ध सरसफाई सेवाको बिस्तारलाई एक प्रमुख चुनौती स्वीकार गर्दै जनस्वास्थ्यमा सुधार ल्याउनका लागि समुदायको जागरुकतामा अभिबृद्धि जरुरी ठानेको थियो (रा.यो.आ., २०५८ दशौं योजना)। यसै सन्दर्भमा, नेपाल सरकारले बि.सं. २०६० मा ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाईसम्बन्धी राष्ट्रिय नीति, २०६० कार्यान्वयनमा ल्याएको थियो । प्रस्तुत अध्ययनले विगत करिव १३ वर्षको अवधिमा सो नीतिको कार्यान्वयन र उपलब्धि एवं कमी कमजोरीहरु केलाउनुका साथै सो नीतिको सान्दर्भिकता र सुधारका क्षेत्र पनि पहिचान गर्न खोजेको छ ।

२.**अध्ययनको उद्देश्य**

कार्यादिशले निर्दिष्ट गरेबमोजिम प्रस्तुत अध्ययनले निम्न पक्षहरुलाई समेटी नीति परीक्षण गर्ने र प्रतिवेदन पेश गर्ने—

२.१. नीतिसम्बद्ध मन्त्रालय तथा अन्तर्गत निकायमा उपलब्ध नीति सम्बन्धित तथ्य, तथ्याँक र सूचनाहरु अध्ययन तथा विश्लेषण गर्ने ।

२.२. नीतिगत व्यवस्थाको त्यसक्षेत्रको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटसँगको तादात्म्यताको अवस्था विश्लेषण गर्ने ।

२.३. नीति कार्यान्वयन गर्न आवश्यक पर्ने अन्तरनिकायगत सम्बन्ध तथा अन्तरआवद्धता कस्तो छ र सम्बन्धित निकायवीच समन्वय सहकार्य भएको छ छैन सो को विश्लेषण गर्ने ।

२.४. सम्बद्ध नीतिले अवलम्बन गरेको दूरदृष्टि, लक्ष्य, उद्देश्य हासिल भए नभएको विश्लेषण गर्ने ।

२.५. नीतिमा उल्लेख भए बमोजिम तर्जुमा /गठन गर्नुपर्ने कानून /संरचना /समिति तर्जुमा /गठन गरिए नगरिएको अवस्था विश्लेषण गर्ने ।

२.६. नीति कार्यान्वयन गर्न जिम्मेवार मुख्य निकायले नीति कार्यान्वयन गर्न कार्ययोजना तयार गरे नगरेको अवस्था एकीन गर्ने ।

२.७. कार्यान्वयनमा रहेको नीतिको निरन्तरताको सान्दर्भिकता र परिमार्जनको आवश्यकताको सम्बन्धमा पुष्ट्याईका आधारहरु पहिचान गरी प्रतिवेदनमा समावेश गर्ने ।

२.८. समग्रमा नीति प्रभावकारीताको अवस्था विश्लेषण गर्ने ।

३. अध्ययन र नीति परीक्षणको विधि

नीति परीक्षणका क्रममा देहायको विधि अनुशरण गरिएको थियोः

३.१ सम्बन्धित नीतिका सम्बन्धमा तर्जूमा भएका रणनीति, कार्ययोजना, गुरुयोजना लगायतका नीतिगत दस्तावेजहरुको डेस्क रिभ्यू र मुख्य मुख्य पक्षहरुको पहिचान ।

३.२ मुख्य सूचनादाताहरुसँगको अन्तर्वार्ता ।

३.३ उपलब्ध सूचनाका आधारमा सो नीति कार्यान्वयनका लागि विद्यमान /तयार गरिएको योजनाहरु, संस्थागत संरचनाहरु, प्रक्रियाहरु, तिनको विचको अन्तरसम्बन्धहरु, सहक्रियात्मकता र अन्तर निकाय एवं सरोकारवालाहरुवीचको समन्वयको अवस्थाका बारेमा उपलब्ध सूचना तथ्याँकहरुको संकलन, अध्ययन ।

३.४ दीर्घकालीन सोच, उद्देश्य, रणनीति र राष्ट्रिय योजना, वार्षिक विकास कार्यक्रमहरु वीचको तालमेल र बजेटसँगको आवद्धताको विश्लेषण ।

३.५ नीति कार्यान्वयनको वर्तमान अवस्था, हालसम्म हासिल भएका प्रतिफलहरुको विश्लेषण सन्दर्भमा नीतिको उद्देश्य र लक्ष्यहरु प्राप्तिको अवस्था र समग्र प्रभावकारीताको अध्ययन, लेखाजोखा र विश्लेषण।

३.६ सबल पक्ष र दुर्वल पक्षहरुको पहिचान र नीतिको निरन्तरताको सान्दर्भिकता र सुधारका क्षेत्रहरुको पहिचान।

३.७ सो का आधारमा निचोड तथा सुझावहरुको पहिचान।

४. अध्ययनर नीति परीक्षणको सीमा

यो अध्ययन छोटो समय र सिमित स्रोतसाधनमा गर्नु परेको हुँदा यसका कतिपय सीमाहरु रहेका छन् । सर्वप्रथम, यो उपलब्ध दस्तावेजहरुको अध्ययनमा आधारित छ र स्थलगत अध्ययन हुन सकेको छैन । दोस्रो, मन्त्रालयको बारम्बार पुनर्गठन, कर्मचारीहरुको सरुवा, संस्थागत स्मृतिको अभावले गर्दा सूचनाहरु संकलनको कार्य समस्यामूलक थियो । तेस्रो, हालमा नयाँ अध्ययन तथा सर्भेहरु नभएकाले विषय सम्बन्धित सूचना र तथ्याँकहरु प्राय दुई तिनवर्ष पुराना भएकाले कतिपय विषयमा अद्यावधिक सूचना प्राप्त हुन सकेन । धैरै जसो सूचनाहरु सन् २०१४ /१५ साल सम्म मात्र उपलब्ध भएकोले प्रतिवेदनले तीनै सूचनाहरुलाई आधार बनाएको छ । चौथो , सम्बद्ध निकायहरुमा सम्बद्ध व्यक्तिहरुलाई भेट्न पनि कठिनाईको अनुभव भयो । अन्तमा, खानेपानी र सरसफाईको क्षेत्रमा भएको प्रगतिमा समीक्षाको विषय अथवा ग्रामीण खानेपानी तथा सरसफाई नीति, २०६० को यथार्थ योगदान कति भयो अथवा सो नीति नआएको भए अहिले देखिएको प्रगति हुन सक्थ्यो सक्थेन अथवा कतिसम्म प्रगति हुन सक्थ्यो भन्ने खालको एट्रिव्यूसनको समस्या पनि विद्यमान रहेको छ । त्यसैले जम्मा ७ सूचकहरु जस्तै सेवामा पहुँच, गुणस्तर, सुचारुता, सरसफाई, प्राविधिक पक्ष, समावेशीकरण र दीगोपनका आधारमा प्रगतिको लेखाजोखा गर्ने प्रयास गरिएको छ । समग्रमा, उपलब्ध स्रोत र साधनको सीमाभित्र रही प्रभाववादी मूल्याँकन गर्ने प्रयास भएको छ ।

दोस्रो परिच्छेद

नीतिगत व्यवस्था, कार्यान्वयन संयन्त्र र बजेट

२.१ नीतिगत व्यवस्था

ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी राष्ट्रिय नीति, २०६०, ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी राष्ट्रिय रणनीति, २०६० र ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई क्षेत्रगत कार्ययोजना, २०६० एकसाथ तर्जुमा भै कार्यान्वयनमा आएको हो । ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाले उल्लेखित नीतिका विविध पक्षहरुलाई अझ विस्तार र स्पष्ट पारेको छ । यी दस्तावेज एक अर्कोको पूरकको रुपमा रहेका छन् र समग्रमा ग्रामीण खानेपानी तथा सरसफाईका सम्बन्धमा कार्यक्रम र आयोजनाहरुलाई मार्गदर्शन गर्दछन् ।नीतिले दीर्घकालीन सोच परिभाषित गरेको छैन । यसका तीन उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः

- सबै जनता र खासगरी पिछडिएका व्यक्ति, वर्ग र समुदायलाई लक्षित गरी प्राथमिकता साथ स्वच्छ, सुविधाजनक, र पर्याप्त मात्रामा खानेपानी र सरसफाई सुविधा पुर्याउने ।
- पानीजन्य संक्रामक रोग र रोगीको सँख्यालाई कम गर्ने ।
- पानी ओसार्नका लागि महिला, पुरुष र बालबालिकाले लगानी गर्ने श्रम र समयको बचत गरी उत्पादनशील कार्यमा लगाउने ।

यी उद्देश्यहरुको प्राप्ति गर्दै नीतिले खानेपानीमा आधारभूत सेवा प्राप्त गर्ने जनसँख्या नीति तर्जुमाका बखत ७१.१ प्रतिशत रहेकोमा २०७३ सम्ममा शतप्रतिशत जनसंख्यामा सेवा पुर्याउने र सोही अवधिमा सरसफाई सेवालाई पनि शत प्रतिशत पुर्याउने लक्ष्य अघि सारेको छ । नीति, रणनीति र कार्ययोजनाले देहायका विषयमा देहाय बमोजिम मार्गदर्शन गरेका छन्ः

२.१.१ **योजना तथा कार्यक्रमतर्फ** मौजुदा खानेपानी प्रणालीको व्यापक मर्मत, पुनस्थापना, सुधार, बिस्तार र सेवास्तरमा सुधार गर्ने, स्थानीय निकाय मार्फत स्थानीय जनसमुदायलाई आवश्यकता पहिचान, आयोजना छनौट, तर्जुमा, अनुगमन र व्यवस्थापनमा सहभागी बनाउँदै उनीहरुकै अग्रसरतामा सेवाहरु निर्माण र संचालन गर्ने, जनचेतना, स्वास्थ्य शिक्षा, सरसफाई र समग्र जलस्रोत विकासका कार्यक्रमहरुलाई परस्पर आवद्ध गरी संचालन गर्ने, वातावरणीय दुष्प्रभाव न्यूनीकरण गर्ने र सो प्रयोजनका लागि स्थानीय निकाय, उपभोक्ता समूह र गैससहरुको क्षमता अभिबृद्धि गर्ने कुरामा जोड दिइएको छ ।आयोजनाको सँख्या अवस्था, लागत, संचालन र मर्मत सम्भारको जिम्मेवारी समेतका सबै तथ्याँक र सूचकहरु समाविष्ट गरी जिल्ला खानेपानी आपूर्ति तथा सरसफाई प्रोफाइल तयार गर्ने, कार्यसम्पादनको आधारमा बजेटको व्यवस्था गर्ने, आयोजनाहरु तयार गर्दा जिल्ला र गाउँका आवधिक योजनाहरुलाई आधार बनाउने, जिविस र गाविसले स्थानीयस्तरमा निर्माण वा संचालनमा रहेका गैसस र खानेपानी आपूर्ति तथा सरसफाई विकास बोर्ड र अन्य क्षेत्रगत विकास कार्यक्रमको समन्वय र सुपरिवेक्षण गर्ने जस्ता कुरामा जोड रहेको छ । त्यस्तै, बढि जनघनत्व भएका शहरी इलाकाहरुमा सरसफाइसम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने, समुदायको

सहभागितामा ढल र नालाहरु निर्माण गर्ने र सार्वजनिक शौचालयहरुको निर्माणमा जोड दिइएको छ ।

२.१.२ **प्रविधिगत व्यवस्थातर्फ** उपयुक्त रउपभोक्ताले धान्न र व्यवस्थापन गर्न सक्ने खालको प्रविधिको प्रयोग, स्थानीयस्तरमा उपलब्ध ज्ञान, सिप र साधनको अधिकतम परिचालन गर्ने, आवश्यक मेशिनरी, उपकरण र सामग्रीहरु स्थानीय तहमा उत्पादन गर्ने र सामग्री निर्माणमा स्तरीयता कायम गर्न मापदण्ड निर्धारण गरी लागू गर्ने उल्लेख गरिएको छ । साथै, सुपथ, उपयुक्त र वातावरणमैत्री परम्परागत र नयाँ प्रविधिहरु समेत समाविष्ट गरी विकल्प सहितको क्याटलग तयार गर्ने, उपभोक्ताहरुको आवश्यकता क्रयशक्ति र महसूल तिर्ने इच्छा समेतका आधारमा छनौट गर्ने सुविधा प्रदान गर्ने र वैकल्पिक प्रविधिहरुको प्रयोग गर्ने क्षमता विकास गर्ने भनिएको छ ।

२.१.३.**पानीको परिमाण तथा गुणस्तरतर्फ** खानेपानीमा सुक्ष्म जैविक, रासायनिक, र भौतिक तत्वको स्थानीयस्तर मै उपभोक्ता मार्फत अनुगमन तथा मूल्याँकन गरी गुणस्तर सुनिश्चित गर्ने संयन्त्र विकास गर्ने र पानीको गुणस्तरको मानकहरु तयार गर्ने तथा अनुगमन र नियन्त्रण प्रक्रियालाई सुदृढ गर्ने भनिएको छ । रणनीतिमा खानेपानीका स्तरको आधारभूत ४ सूचकहरु परिभाषित गरिएको छ जस्तैः

परिमाणः ग्रामीण क्षेत्रमा प्रतिव्यक्ति प्रतिदिन ४५ लिटर हुनुपर्ने र २५ लिटर भन्दा कम हुन नहुने।

पहुँचयोग्यताः धारासम्मको तेर्सो र ठाडो दूरी क्रमशः १५० मिटर र ५० मिटरभन्दा बढि हुन नहुने । सबै घरपरिवारहरुले आतेजाते १५ मिनेटको दुरीमा यो सुविधा प्राप्त गर्नुपर्ने ।

विश्वशनीयताः विना जानकारी प्राय पानी वन्द नहुने, टुटफुट भएमा तुरुन्त मर्मत सम्भार गर्नुपर्ने र मौसमी परिवर्तनबाट आपूर्ति खासै प्रभावित नहुने व्यवस्था गर्ने ।

गुणात्मकताः गुणस्तर विश्वस्वास्थ्य संगठनको न्यूनतम मापदण्ड अनुरुप हुनुपर्ने र नेपाल सरकारले पनि आफ्नै मापदण्ड निर्धारण गर्ने ।

सुविधा विमुख समूहहरुका लागि एकमात्र विकल्पको रुपमा रहेको सार्वजनिक धारा वन्द हुने गरी निजी धाराहरु जडान र बिस्तार नगर्ने, समुदायको खानेपानी गुणस्तर परीक्षण क्षमता अभिबृद्धि गर्नेर नियमित रुपमा परीक्षण गर्ने व्यवस्था मिलाउने उल्लेख छ ।

२.१.४**संस्थागत व्यवस्थातर्फ** स्थानीय निकायमा निक्षेपण गरी स्थानीय निकाय, उपभोक्ता समूह, सामुदायिक संस्थाहरुको भूमिका सुदृढ गर्ने, सरकार र स्थानीय निकायले नियमन, अनुगमन र सहजकर्ताको भूमिका खेल्ने, विभिन्न सरोकारवालाहरु वीच सहकार्य र साझेदारीका लागि अनुकूल वातावरण तयार गर्ने, केन्द्र देखि स्थानीय तहसम्म जनशक्ति विकास गर्ने, आयोजना चक्रmको सबै तहको निर्णय प्रक्रियामा महिला, दलित, जनजाति, आदिवासी र पिछडिएको वर्गलाई अनिवार्य र सार्थक रुपमा सहभागी गराउने र अति गरीव घरपरिवारको पहिचानको तरिका र मापदण्ड तयार गरी उनीहरुलाई लक्षित अनुदानको व्यवस्था गर्नेकुरामा जोड रहेको छ । समन्वयका लागि स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, जिल्ला विकास समिति (जिविस), गाउँ विकास समिति (गाविस), दाताहरु, ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति, यस क्षेत्रमा सक्रिय गैससहरु, र निजीक्षेत्रका प्रतिनिधिहरु समेत रहेको क्षेत्रगत सरोकार समूहहरुर राष्ट्रिय खानेपानी आपूर्ति तथा सरसफाई समन्वय समिति स्थापना गर्ने भनिएको छ । प्रणालीहरुको स्वतन्त्र

निरीक्षण र सामाजिक परीक्षणको लागि खानेपानी तथा सरसफाई उपभोक्ता तथा सरसफाई महासंघ स्थापना गर्न सक्नेसाथै संरचनाहरुको डिजाइन, स्पेसिफिकेसन, लागत अनुमान अनुरुप भए नभएको हेर्न र प्राविधिक परीक्षण समेत गर्न स्तर निरीक्षण, अनुगमन तथा मूल्याँकन प्रणालीको विकास गर्ने कुरा उल्लेख छ ।

२.१.५ **कार्यान्वयन सम्बन्धमा** नीतिमा तर्जुमा, कार्यान्वयन, समन्वय र सुपरीवेक्षणमा जिविस, गाविस र उपभोक्ता समितिहरुको भूमिकालाई महत्वपूर्ण बनाइएको छ । उपभोक्ता समूहहरु मार्फत आयोजना कार्यान्वयन गर्ने, खानेपानी तथा ढल निकास विभागले प्रत्यक्ष कार्यान्वयन घटाउँदै लगी स्वामित्व, संचालन, मर्मत र सम्भारको जिम्मा उपभोक्ता समूह र स्थानीय निकायलाई दिने उल्लेख छ । विभागले प्राविधिक सहायता, क्षमता अभिबृद्धि, निर्देशिका र दिग्दर्शनहरु तयार गर्ने, तथ्याँक अद्यावधिक गर्ने, प्रोफाइल तयार गर्न जिविसहरुलाई र आयोजना तयार गर्न दातृ समुदायलाई सघाउने, शहरी र अर्ध शहरी क्षेत्रमा लागत उठ्ती सिद्धान्तका आधारमा संचालन गरिने आयोजनाहरुको डिजाइन, कार्यान्वयन, अनुगमन गर्ने, पानीको गुणस्तर मापनका लागि अनुसन्धान र प्रयोगशालाहरु स्थापना गर्ने, ठूला र प्राविधिक द्दष्टिले जटिल आयोजनाहरु संचालन गर्ने वा सहयोग गर्ने कुरामा बढी केन्द्रीत हुने भनिएको छ । ग्रामीण खानेपानी तथा सरसफाईकोष विकास समितिले सहजीकरण गर्ने नियमित संस्थाको रुपमा काम गर्ने र कार्यान्वयन निकायलाई वित्तिय र प्राविधिक सहयोग र सरकारलाई नीतिगत सुधारमा सहयोग प्रदान गर्ने उल्लेख छ ।

२.१.६ **संचालन तथा सम्भारतर्फ** आयोजनाको स्वामित्व, संचालन र सम्भारको दायित्व उपभोक्ता समितिले लिनुपर्ने र बृहत एवं जटिल आयोजनाहरुको लागि प्राविधिक सहायता र आर्थिक अनुदानको व्यवस्था गर्ने उल्लेख छ । रणनीतिले संचालन तथा मर्मतसम्भार कोष खडा गर्ने, जिविस र गाविस स्तरमा पुनस्थापना कोष स्थापना गर्ने, कोषलाई सबल बनाउन कार्यान्वयन निकायहरुको आयमूलक कार्यक्रमहरुसँग आवद्ध गर्ने, गाविसका प्राविधिक सहायकहरुलाई आयोजनाहरुको संचालन तथा मर्मतसम्भार सम्बन्धी तालिम दिने र सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सरसफाइ सम्बन्धी तालिम दिने भनिएको छ । उपभोक्ता समूहहरुलाई व्यवस्थापकीय सीप प्रदान गर्ने र जवाफदेही बनाउने, समूहहरुवीच अनुभव र सहयोग आदानप्रदान गर्न महासंघ गठन गर्ने र मर्मत सम्भारसम्बन्धी शर्तहरु, पानीको महसुल निर्धारणजस्ता विषय समेत समावेश गरी निर्देशिका निर्माण गर्ने कुरा उल्लेख छ ।

२.१.७ **कानूनी प्रावधानहरुतर्फ** पानीको स्रोतको प्रदुषण रोक्न गुणस्तर तथा वातावरणीय स्वच्छता कायम राख्न, र निजीक्षेत्रको सहभागीता बढाउन आवश्यक कानूनी आधार तयार गर्ने र खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको दर्ता अनिवार्य गर्ने उल्लेख छ ।साथै रणनीतिमाखानेपानी तथा सरसफाई श्रोत ऐन, २०४९, खानेपानी तथा सरसफाई श्रोत नियमावली २०४९, खानेपानी नियमावली, २०५४ लाई स्थानीय स्वायत्त शासन ऐन र अन्य सम्बद्ध कानूनहरुसँग सामन्जस्य हुने गरी परिमार्जन गर्ने, उपभोक्ता समूह दर्ता सम्बन्धी कार्यविधिलाई सुविधा विमुख समूहलाई सहज हुने गरी सरल र पारदर्शी बनाउने, खानेपानी तथा सरसफाई सम्बन्धी अधिकारको बाँडफाँड सम्बन्धमा पारदर्शी समन्यायिक र प्रभावकारी इजाजत प्रणाली विकास गर्ने र भौतिक, रसायनिक र जैविक प्रदुषकहरु सम्बन्धी मापदपण्डहरु लागू गर्नुका साथै निरन्तर अनुगमन गरिने उल्लेख छ ।

२.१.८ **आर्थिक वित्तियपक्षमा** आयोजनाहरुको निर्माण, संचालन तथा सम्भारका लागि तोकिएको लक्ष्य पुरा गर्ने गरी बजेटको व्यवस्था गर्ने, सामाजिक परिचालनबाट स्थानीय साधन, स्रोत र सीपको अधिकतम उपयोग गर्ने, आयोजनाहरुलाई प्रभावकारी मागमा आधारित गर्ने र सेवाकोस्तर उपभोक्ताले धान्न र तिर्न सक्ने बनाउने भनिएको छ । रणनीतिमा स्थानीय निकाय, गैसस र समुदायको आयोजना र वित्तिय स्रोत व्यवस्थापन गर्ने क्षमता विकास गर्ने, संचालन र मर्मत सम्भारका लागि स्रोतको व्यवस्था गर्ने, महसूल निर्देशिकाहरु तयार गरिनेर ग्राहकहरुलाई लागत प्रभावकारीताका आधारमा सेवा सुविधाहरु उपलब्ध गराउने कुरामा जोड दिइएको छ । ग्रामीण समुदायको योगदान खानेपानी र सरसफाई दुवैमा श्रम समेत २० प्रतिशत हुने र त्यसमध्ये एक प्रतिशत नगद नै हुनुपर्ने, निर्माण कार्य शुरु गर्नुपूर्व नै संचालन र मर्मत खर्चका लागि कोष स्थापना गर्नुपर्ने, सुविधा विमुख समूहका लागि योगदानको अनुपात १० प्रतिशतमा कम नहुने गरी घटाउन सकिने, नगद योगदान गर्न नपर्ने व्यवस्था गर्ने जस्ता प्रावधानछन् । गरिवी पहिचानका लागि ६ महिनाभन्दा कम समयसम्म खाद्यान्न पर्याप्त हुने घरधुरीहरु, दैनिक ज्यालादारीमा जीवनयापन गर्ने घरधुरीहरु, महिला घरमूली भएका घरधुरीहरु, अन्य वाह्य आर्थिक सहयोग नपाउने र शारिरिक रुपमा अशक्त व्यक्तिहरु भएका घरधुरीहरुलाई प्रोक्सी सूचक मानिएको छ । ठूला र महत्वपूर्ण संरचनाहरुको मर्मत सम्भारका लागि भने स्थानीय निकाय र सरकारले वित्तिय सहयोग उपलब्ध गराउने, स्थानीय तहका आयोजनाहरुको बजेट सीधै स्थानीय निकायलाई निकासा दिने गरिव परिवारका लागि विशेष अनुदानका लागि समुदायबाट व्यवस्थित चक्रकोषहरुको व्यवस्था गर्ने र व्यक्तिगत शौचालयको मर्मत सम्भार खर्च घरपरिवारले वेहोर्ने व्यवस्था गरेको छ । ग्रामीण क्षेत्रमा उपभोक्ता समितिहरुले संचालन खर्च उठाउने र शहरी इलाकामा संचालन खर्च वाहेकका अन्य खर्चहरु समेत उठाउने भनिएको छ ।

२.१.९**स्थल छनौट र पानीको उपलब्धतातर्फ** रणनीतिले विद्यमान मापदण्डहरुको पुनरावलोकन गरी योजना छनोट र प्राथमिकीकरणका लागि नयाँ स्पष्ट, पारदर्शी र सहजै लागु गर्न सकिने मापदण्ड बनाउने भनेको छ जसमा गरीवी र कष्ट, खानेपानी र सरसफाईको विद्यमान सेवा सुविधाको अवस्था, झाडापखाला लगायत पानीका कारणले हुने रोगहरुको विद्यमानता, सेवासुविधाका लागि पैसा तिर्ने इच्छा, लाभलागत अनुपात र वातावरणीय सरोकारजस्ता विषयहरु पनि समाविष्ट गर्ने भनिएको छ । पानीको परिमाण, पहुँच, विश्वसनीयता, र गुणात्मकताजस्ता सूचकहरुको आधारमा सेवा स्तरको परिभाषा गर्ने स्रोत सुधार बिस्तार र पुनस्थापनाका लागि बजेटको व्यवस्था गर्ने र पुनर्स्थापनाका आयोजनाहरुमा आन्तरिक बसाई सराईका कारण सिर्जित मागहरुलाई सम्बोधन गर्ने गरी खानेपानी तथा सरसफाई सुविधा र सेवाहरु समावेश गर्ने उल्लेख छ ।

२.१.१०**लैंगिक, जातीय तथा सुविधा विमुख समूहको सहभागितामा अभिबृद्धिका** लागि रणनीतिले लैंगिक तथा जातिगत हिसावले पछि परेका जाति जनजातिहरुको उचित प्रतिनिधित्व हुने गरी योजनाहरु तर्जुमा गर्ने, सुविधा सेवाहरुको योजना तर्जुमा, निर्णय निरुपण, तालिम, र व्यवस्थापनलाई समावेशी बनाउने, महिला, जातजाति एवं सुविधा विमुख समुदायहरुको समानुपातिक सहभागिता सुनिश्चित हुने गरी उपभोक्ता समूह गठन गर्ने, महिला सहभागिता कम्तिमा ३० प्रतिशत कायम गर्ने र जिविस तथा गाविसहरुले पनि योजना तर्जुमा अनुगमन मूल्याँकन गर्दा लैगिक र जातजातिगत मापदण्डहरु प्रयोग गर्ने व्यवस्था मिलाउने उल्लेख गरेको छ ।

२.१.११**स्वास्थ्य, आरोग्यता र सरसफाईतर्फ** रणनीतिले खानेपानी आपूर्तिलाई आरोग्यता र सरसफाईको प्याकेजसँग एकीकृत गर्ने र आरोग्यता सुधार कार्ययोजना अन्तर्गतका आयोजनाहरुको बजेटको २०

प्रतिशत रकम स्वास्थ्य प्रवर्द्धन, आरोग्यता व्यवहारमा परिवर्तन, र सुरक्षित दिसापिसाव विसर्जनका लागि विनियोजन गरी सुविधा विमुख समुदायहरुमा सरसफाई सेवा बिस्तार गर्नमा खर्च गर्ने र उपयुक्त सूचकहरुको प्रयोग गरी लैङ्गिक र सुविधा विमुख समुदायहरुमा सेवा पहुँचको अनुगमन गर्ने, विद्यालय र समुदायमा आधारित दुवै कार्यक्रमहरुको माध्यमबाट आयोजनाको कार्यान्वयन गर्ने, महिला तथा बालबालिकामा फैलिने झाडापखाला रोगको बारेमा सचेतना अभिबृद्धि गर्ने, व्यवहार परिवर्तन गर्ने र आमसँचार माध्यम र स्थानीय तौरतरिकाको प्रयोग गरी आरोग्यता प्रवर्द्धन गर्ने कुरा उल्लेख छ । राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रसँग समन्वय गर्ने, उच्च जोखिममा रहेका समुदायबाट मागभै आएमा अलग कार्यक्रमहरु गर्ने, बायोग्यास उत्पादन गर्ने ट्यांकीहरुको निर्माणकार्यलाई सरसफाइ कार्यक्रमसँग आवद्ध गर्ने, विद्यालयहरुमा र अन्यत्र पनि महिला र पुरुषका लागि भिन्न शौचालयको व्यवस्था गर्ने, शिक्षक तथा विद्यार्थीको सहभागितामा नियमित शौचालय सफाई गर्ने, शैक्षिक पाठयक्रममा स्वास्थ्य, सरसफाई तथा आरोग्यतालाई समावेश गर्ने, विद्यार्थीहरुका माध्यमबाट विद्यालय वाहिर रहेका बालबालिकामा समेत स्वास्थ्य, सरसफाई र आरोग्यता शिक्षा प्रचार प्रसार गर्ने कुरामा जोड दिइएको छ ।

२.१.१२**वातावरणीय पक्षमा** रणनीतिले वातावरणीय क्षति न्यूनीकरण गर्ने कार्यविधि तयार गर्ने र जोखिम पहिचान भएमा बिस्तृत अध्ययन र विश्लेषण गर्ने, सबै सरोकारवालाहरुलाई वातावरणीय जाँच र मूल्याँकन प्रक्रियाका बारेमा जानकारी दिई सहभागी हुने अवसर प्रदान गर्ने, जाँच मूल्याँकनबाट पहिचान गरिएका विषयहरुमा स्वतन्त्र रुपमा पुनरावलोकन गर्ने व्यवस्था गर्ने, जोखिम न्यूनीकरणका लागि निर्देशिकाहरु तयार गर्ने, वातावरण संवेद्य उपागमहरु मार्फत सामुदायिक लाभलाई अधिकतम बनाउने र निर्माण तथा संचालनको अवधिभर वातावरणीय सुरक्षासम्बन्धी सबै उपायहरु अवलम्बन गर्ने व्यवस्था गरेको छ ।

२.१.१३**नीतिगत अनुगमन तथा सूचना व्यवस्थापनतर्फ** सेवाको स्तर अनुसार तथ्याँक बैंक स्थापना गर्ने, आयोजनाहरुको सूचना व्यवस्थापन क्षमता बृद्धि गर्दै जिल्लाहरुमा सूचनाकेन्द्र स्थापना गरी नीतिहरुको कार्यान्वयन अनुगमनगर्ने कुरामा जोड छ । क्षेत्रगत नीतिहरु कार्यान्वयन भएको सुनिश्चित गर्न, लक्ष्य तथाउद्देश्य हासिल गर्नेतर्फ भएका प्रगतिहरु मापन गर्न र कार्यान्वयनका तौर तरिकाहरुमा सुधार गर्न, नियमित अनुगमनमा जोड दिनुका साथै खानेपानी तथा ढल निकास विभागले अनुगमन तथा मूल्याँकन प्रणाली स्थापना, तथ्याँक संकलन, भण्डारण, विश्लेषण र प्रयोगका लागि विभागको क्षमता अभिबृद्धि गर्ने भनिएको छ ।

२.२ आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटसँगको तादात्म्यताको अवस्था

नीति कार्यान्वयनमा आउँदा दसौं योजना कार्यान्वयनमा रहेको थियो । वास्तवमा यो नीति उक्त योजनाको फ्रेमभित्रबाट आएको र खानेपानी तथा सरसफाई सम्बन्धी दसौं योजनाको अवधारणालाई आत्मसात गरेको देखिन्छ । एघारौं त्रिवर्षिय योजना (२०६३/६४–६५/६६)को दीगो र समतामूलक रुपमा खानेपानी र सरसफाई सेवाहरु उपलब्ध गराई आम जनताको जीवनस्तर उकास्ने र स्वास्थ्यको अवस्थामा सुधार गर्ने दीर्घकालीन सोच थियो । यसले उपचारको सुविधा सहित क्रमिकरुपमा शुद्ध खानेपानी सेवा समग्र जनसमुदायमा पुर्याउने, उपयुक्त प्रविधिको अवलम्वन गरी शौचालय सेवा बिस्तार गर्ने, शहरी तथा अर्धशहरी क्षेत्रहरुमा समेत ढल प्रणाली बिस्तार गर्ने र २०७४ सम्ममा सम्पूर्ण जनसमुदायमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा पुर्याउने उद्देश्य राखेको

थियो । यी उद्देश्यहरु हासिल गर्नका लागि पुराना खानेपानी आयोजनाहरुको पुनस्थापन, खानेपानी सम्बन्धी मापदण्ड, २००७ अनुरुप क्रमिक रुपमा खानेपानीको गुणस्तरमा सुधार ल्याउने, खानेपानी आपुर्ति तथा सरसफाई नीति, २०६० बमोजिम क्रमश सेवाहरुको स्तरबृद्धि गर्ने, ग्रामीण तथा शहरी क्षेत्रमा सचेतना फैलाई उपभोक्ता समिति तथा स्थानीय निकायहरुको सहभागिता र योगदानका आधारमा सरसफाई सम्बन्धी सुविधाहरु बिस्तार गर्ने, आवश्यक नीतिगत, संस्थागत र कानूनी सुधार गर्दै सबै सरोकारवालाहरुको समन्वयका लागि सेक्टरवाइड पद्धतिमा जाने, प्रभावकारी र नतिजामूलक कार्यान्वयन, अनुगमन र मूल्याँकनका लागि संस्थागत क्षमता अभिबृद्धि गर्ने, निरन्तर तथ्याँकहरुलाई अद्यावधिक गर्ने सूचना प्रचार प्रसार गर्ने कुरामा जोड दिएको थियो ।

बाह्रौ त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) ले दीगो तथा सुरक्षित खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराई जनस्वास्थ्यमा सुधार र जनताको जीवनस्तर माथि उकास्ने उद्देश्य लिएको थियो । खानेपानीको गुणस्तर र सेवास्तर क्रमिक रुपमा वृद्धि गरी सन् २०१७ सम्म सवैलाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने, छिटो प्रतिफल दिने र अधुरा खानेपानी तथा सरसफाइ कार्यक्रम सम्पन्न गर्ने, आयोजना निर्माण तथा सञ्चालनमा स्थानीय सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने, मर्मत सम्भार, पुनःस्थापना र व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, खानेपानी तथा सरसफाइलाई क्षेत्रगत अवधारणामा(SWAP) लैजाने, स्थानीय स्रोत साधनको उपयोग गर्ने, राष्ट्रिय खानेपानी मापदण्ड २०६३ अनुसार क्रमिक रुपमा खानेपानीको गुणस्तर सुधार गर्दै लाने, र संस्थागत क्षमता सुधार गर्ने जस्ता रणनीतिहरु अघि सारेको थियो । साथै, सरकार, स्थानीय निकाय, समुदाय, उपभोक्ता, तथा गैससहरुले समन्वयात्मक रुपमा कार्य गर्ने, खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आबद्ध गरी लैजाने, उपभोक्ताहरुको सहलगानीमा आयोजनाहरु गर्ने, र पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरी खुल्ला दिशामुक्त क्षेत्र विकास गर्दै लैजाने कुरामा जोड दिइएको थियो ।

तेह्रौं योजना (२०७०/७१–२०७२/७३) ले पनि सबै जनतालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने उद्देश्य अघि सार्दै हासिल गर्नका लागि राष्ट्रिय खानेपानी मापदण्ड २०६२ र सोको कार्य योजनाअनुरूप खानेपानी तथा सरसफाई सेवामा पहँ'च, गुणस्तर र सेवास्तर क्रमिक रूपमा वृद्धि गर्ने, स्रोत उपलब्ध नभएका सुक्खाग्रस्त स्थानहरूमा वैकल्पिक स्रोतको रूपमा वर्षातको पानी संकलन र उपयोग, सोलार वा विद्युतीय पम्प, हाइड्रोलिक र्‍याम जस्ता प्रविधिहरू सञ्चालन गर्ने, क्रमशः क्षेत्रगत अवधारणा अवलम्बन गर्ने र स्थानीय स्रोत साधनको उपयोग गर्दै वातावरणमैत्री र जलवायु परिवर्तन अनुकूलन गर्ने रणनीतिहरु अवलम्बन गरेको थियो ।

वर्तमान चौधौं योजना(२०७३/७४–२०७५/७६) ले पनि अघिल्ला योजनाहरुकै मर्मलाई निरन्तरता दिएको छ । नेपालको संविधानले खानेपानी तथा सरसफाई सेवा आधारभूत मानवअधिकारको रूपमा स्थापित गरेको सन्दर्भमा यसले सबै जनसंख्यालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने र मध्यम तथा उच्चस्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने उद्देश्य राखेको छ । उद्देश्य हासिल गर्नका लागि सबैलाई खानेपानी तथा आधारभूत स्तरको सरसफाई तथा शौचालयको सुविधा पुर्‍याउने, जलाधार क्षेत्र तथा परम्परागत स्रोतको संरक्षण र पानीको पुनःभरणको व्यवस्था गर्ने, र तराई–मधेशमा विद्यमान खानेपानी समस्या तथा आर्सेनिक

प्रदुषण न्यूनीकरण गर्ने जस्ता रणनीतिहरु प्रस्ताव गरेको छ । साथै, योजना अवधिमा खानेपानीको कभरेज ९० प्रतिशत र सरसफाईको कभरेज ८९ प्रतिशत पुर्याउने परिमाणात्मक लक्ष्य अघि सारेको छ ।खानेपानी तथा सरसफाई सेवाको विस्तार र गुणस्तर वृद्धि गर्ने,सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षाको पानी संकलन गर्ने पद्धति विकास गरी सबै जनसंख्यालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने उल्लेख छ ।

खानेपानी र सरसफाई क्षेत्रमा अन्य नीतिगत व्यवस्थाहरु पनि रहेका छन् । राष्ट्रिय सरसफाई नीति, १९९४, खानेपानी आपूर्ति क्षेत्रगत नीति, १९९८, नेपाल जलयोजना, २००५ भौतिक योजना तथा निर्माण मन्त्रालयको सोचपत्र, २००७, शहरी खानेपानी तथा सरसफाई नीति, २००९ यसका केही उदाहरणहरु हुन् । सेवा संचालनमा गुणस्तरीयता, नियमितता, पारदर्शिता एवं जवाफदेहिता कायम गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन खानेपानी सेवा सँचालन सम्बन्धी निर्देशिका, २०१२ ल्याइयो भने सहस्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि थप प्रयासहरु आवश्यक पर्ने देखी सरसफाईमा केन्द्रीत रही सहस्राब्दी विकास लक्ष्य एक्सिलिरेशन फ्रेमवर्क, २०१३ ल्याइयो । त्यस्तै, खुला दिसामुक्त अवस्थालाई दिगो बनाउने, सरसफाई सम्बन्धी बानीव्यवहार विकास गर्ने, घरायसी तथा संस्थागत तहमा सुविधाको समुचित प्रयोग मर्मत सम्भार तथा स्तरोन्नती गर्ने, सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने, फोहोर मैला पुनःप्रयोग गर्र्ने , पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने उद्देश्य सहित पूर्ण सरसफाई मार्गदर्शन, २०१६ पनि आएको छ । तर लागत खुल्ने गरी कार्यक्रम र कार्ययोजना भने तयार भएको पाइएन । यसरी हेर्दा यो क्षेत्रमा थुप्रै नीतिगत व्यवस्थाहरु भएका छन् र प्राय एक अर्कोसँग तालमेलमै रहेका छन् । सायद अहिलेको आवश्यकता सबै नीतिगत व्यवस्थालाई एकीकृत गर्ने गरी बृहत क्षेत्रगत गुरुयोजना तयार गर्नु र त्यसको लागि लागत सहितको कार्ययोजना हो ।

स्रोत साधनले भ्याएसम्म उल्लिखित नीतिगत व्यवस्थाहरु र आवधिक योजनाका मर्महरुलाई आत्मसात गर्ने प्रयास गर्दै वार्षिक विकास कार्यक्रमहरु तर्जुमा हुने गरेका छन् । सालबसाली रुपमा स्थान पाउँदै आएका प्रमुख कार्यक्रमहरु देहायबमोजिमका रहेका छन्ः

- **आधारभूत खानेपानी सेवा उपलव्ध गराउने कार्यक्रमहरूः** यस अन्तर्गत सालबसाली रूपमा सञ्चालित आयोजनाहरू निर्माण एवं विस्तार गर्ने, वैकल्पिक स्रोत परिचालन गर्ने, उपभोक्ताहरूको सहलगानीमा सञ्चालन गरिने खानेपानी आयोजना विस्तार गर्ने र ग्रामीण खानेपानीजस्ता कार्यक्रम कार्यान्वयनमा छन् ।
- **खानेपानी सेवास्तर तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरूः** यसमा खानेपानी आयोजना, साना शहरी खानेपानी तथा सहलगानी कार्यक्रम, खानेपानी गुणस्तर सुधार, आर्सेनिक न्युनीकरण, र पानी सुरक्षायोजनाजस्ता कार्यक्रमहरू सञ्चालनमा छन् ।
- **मर्मत सुधार, पुनर्निर्माण तथा पुनःस्थापन गर्ने कार्यक्रमहरूः** यसमा मर्मत सुधार, पूनर्निर्माण, सेवा पुनस्र्थापना, डीप टयुबवेल तथा इलेक्ट्रोमेकानिकल उपकरण पुनस्र्थापना र जलाधार तथा स्रोतसंरक्षण, भूमिगत जलभण्डारण एवं पूनर्भरण जस्ता कार्यक्रम सञ्चालित छन् ।
- **सरसफाई सुविधा र सेवास्तर अभिवृद्धि गर्ने कार्यक्रमहरूः** यसमा देशभर अभियानको रूपमा सञ्चालित एकल (Stand alone)पूर्ण सरसफाइ, खानेपानी आयोजनासँग आबद्घ सरसफाई कार्यक्रमका साथै काठमाण्डौ उपत्यका ढलसुधार, वागमती सुधार, स्यानिटरी ढल निर्माण, र जनचेतना अभिवृद्घि जस्ता क्रियाकलापहरु यस अन्तर्गत सञ्चालित छन् ।

- रामेछापको पकरवासरभिरपानी, पाँचथरको यासोक र काभ्रेको तिमाल लगायतका अन्य सुख्खा क्षेत्रहरूमा खानेपानी आयोजना संचालन गर्न छुट्टै उपशिर्षक अन्तर्गत बजेट विनियोजन गरी सुख्खा क्षेत्रका बासिन्दाहरूलाई खानेपानी सेवासंचालन भएका छन् ।
- **क्षमता अभिवृद्धि तथा संस्थागत सुधार गर्ने कार्यक्रमहरूः** यसमा खानेपानी तथा ढल निकास विभाग र अन्तर्गतका निकायहरुको संस्थागत सुधार र स्थानीय निकाय, उपभोक्ता समिति, सामुदायिक /गै.स.सं. र सम्बद्घ निकायहरूको क्षमता अभिवृद्घि कार्यक्रम सञ्चालित छन् ।

२.३ खानेपानी तथा सरसफाई बजेटको व्यवस्था

बजेटको दृष्टिले यसक्षेत्रको विनियोजन तलमाथि हुने गरेको छ । खानेपानी तथा सरसफाई नीति कार्यान्वयनमा आउँदासम्म यस क्षेत्रको विनियोजन अत्यन्त कम रहने गरेको थियो । सन\ २००६ मा बैदेशिक सहयोगले गर्दा समग्र बजेटको ३.२ प्रतिशतसम्म पुग्यो तर पछि पुनः कम भयो (रा.यो.आ, २०१६)।खानेपानी आपूर्ति र सरसफाइ एवं आरोग्यतासम्बन्धी सेवाहरुको बिस्तार सँगसँगै यसक्षेत्रमा सरकारको लगानी पनि बढ्दै गैरहेको छ । खानेपानी तथा ढल निकास विभाग वाहेक पनि यो क्षेत्रमा संघीय मामला तथा स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय र गैरसरकारी क्षेत्रबाट पनि लगानी हुने गरेको सन्दर्भमा कुनै अमुक आ.व.मा कुनै जिल्ला वा विकास क्षेत्रमा यति नै खर्च भयो र शहरी र ग्रामीण क्षेत्रमा यति यति विनियोजन र खर्च भएको छ भनेर यकीन गर्न कठिन छ । चालु आ.व. को वार्षिक विकास कार्यक्रम अनुसार खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत मात्र विभिन्न २८ वटा बजेट उपशिर्शकहरुमा रु. ३२,९४,६५,००,०००।– विनियोजन भएको छ । तर यस क्षेत्रको विनियोजनको प्रवृत्तिलाई हेर्दा आ.व. २०७० /७१ देखि बजेटमा उल्लेख्य बृद्धि हुन थालेको देखिन्छ (तालिका नं १) ।

तालिका नं १ पछिल्ला चारवर्षमा विनियोजित बजेट

आ.व.	कूल विनियोजित(रु. हजारमा)	चालु	पूँजीगत
२०७३।७४	३२९४६५००	१३२२४६७	२०७५१९१३
२०७२।७३	२२५७६२५७	१३१५२०७	१३८१३६८०
२०७१।७२	१९०३५३९१	९९९३२१	१२७८८८७०
२०७०।७१	१५३८५०३५	६३१०३६०	५०८७१४३

स्रोतः राष्ट्रिय योजना आयोग

तर यो बजेट खानेपानी तथा सरसफाई क्षेत्र हेर्ने मन्त्रालयको नाममा विनियोजित बजेट हो । यसमा यस क्षेत्रमा काम गर्ने अन्य मन्त्रालय तथा निकायहरुको बजेट समावेश भएको छैन । यसको अर्थ त्यसलाई समेत समाहित गर्दा बजेटको आकार अझ बढ्ने प्रष्ट छ । समग्रमा, आयोजनाहरु र बजेट नीति, आवधिक योजनाका मर्मअनुरुप नै तयार भै कार्यान्वयनमा गैरहेको पाइन्छ । राष्ट्रिय बजेटको आकारमा हुँदै गएको बृद्धिसँगै यसक्षेत्रको बजेटमा पनि क्रमिक रुपमा बृद्धि हुदै गैरहेको पाइन्छ ।

विश्व स्वास्थ्य संगठनबाट प्रकाशित ग्लास प्रतिवेदनले नेपालको चालू आ.व.को यसक्षेत्रको बजेट करिव ४३ अर्व (अमेरिकी डलर ४३ करोड) रहेको देखाएको छ । त्यस्तै वाश (WASH) क्षेत्रमा प्रतिव्यक्ति खर्च हेर्दा विश्वको औसत ५० अमेरिकी डलर रहेको छ (सूचना दिने २५ देशहरुको आधारमा) भने नेपालको ६ अमेरिकी डलर रहेको छ जुन निकै कम हो । त्यस्तै, कूल गार्हस्थ उत्पादन र यसक्षेत्रको लगानीको विश्वको अनुपात हेर्दा औसत अमेरिकी डलर १.२७ प्रतिशत छ भने नेपालको खर्च ०.८३ प्रतिशत रहेको छ । बजेटको स्रोत हेर्दा विश्वमा औसत ६६ प्रतिशत घरपरिवारले व्यहोर्ने गरेको देखिन्छ भने नेपालमा १३ प्रतिशत मात्र घरपरिवारले वेहोर्ने गरेको देखिन्छ जुन निकै न्यून हो (ग्लास प्रतिवेदन, २०१७)।

२.४ कार्यान्वयन संयन्त्र

खानेपानी तथा सरसफाई लामो समयसम्म भौतिक योजना तथा निर्माण मन्त्रालय त्यसपछि शहरी विकास मन्त्रालय अन्तर्गत रहँदै आएको थियो । यी दुवै मन्त्रालयहरुको मूल जोड अन्य विषयहरुमा हुँदा यो क्षेत्रले कम प्राथमिकता पाउने स्थिति थियो । शायद यही कुरालाई मनन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७२ पौष ९ को निर्णयानुसार पृथक खानेपानी तथा सरसफाई मन्त्रालयको गठन भएको छ । यसले गर्दा यो विषयले थप प्राथमिकता पाउन थालेको र बजेटमा पनि उल्लेख्य बृद्धि हुन थालेको देखियो । मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल निकास विभाग र ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई कोष विकास समितिले खानेपानी र सरसफाईका कार्यक्रमहरु कार्यान्वयन गरिरहेका छन् । खानेपानी तथा ढल निकास विभाग अन्तर्गत पाँच वटा क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालयहरु र जिल्लास्तरमा कार्यबोझ अनुसार ४३ डिभिजन तथा २८ सब–डिभिजन कार्यालयहरू मार्फत खानेपानी तथा सरसफाई आयोजना तथा कार्यक्रमहरू संचालन तथा सेवा प्रवाह गरिदै आएको छ ।समन्वयका लागि केन्द्र जिल्ला र गाविसमा समन्वय समितिको स्थापना भै कार्यरत रहेका छन् । विभागले सामाजिक परिचालकहरु र उपभोक्ता समितिहरु मार्फत अन्य कार्यहरुका अतिरिक्त, एक हजारभन्दा बढी जनसंख्यालाई सेवा पुऱ्याउने आयोजनाहरूको निर्माण गर्ने गराउने, गुणस्तर सुधारका निमित पानी प्रशोधन प्रणाली निर्माण गर्ने, विद्‌युतिय उपकरणहरूको प्रयोग गरी पानी संकलन वा वितरण गर्ने तथा जटिल प्रविधियुक्त आयोजनाहरूको निर्माण गर्ने गराउने कार्य गर्दछ । प्रशोधन प्रणाली सहितका आधुनिक ढल आयोजनाहरू निर्माण गर्ने, खानेपानीको नियमन गुणस्तर परीक्षण नियन्त्रण नियमित अनुगमन र निगरानी (Surveillance) सम्बन्धित कार्यहरू गर्ने, तराई क्षेत्रका भुमिगत पानीमा पाइने आर्सेनिक लगायत अन्य प्रदुषणको परीक्षण अनुसन्धान एव प्रशोधन संरचना सम्बन्धि कार्यहरू गर्ने, जीर्ण भएका ठूला आयोजनाहरू मर्मत सुधार तथा पुनःनिर्माण गर्ने, वातावरणीय प्रभाव मूल्याँकन र प्रकोप व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने, एक घर एक चर्पी माध्यमबाट आधारभुत स्तरको सरसफाई सेवा उपलब्ध गराउने जस्ता कार्य यो विभागले गर्दै आइरहेको छ । हाल खानेपानी तथा सरसफाई सम्बन्धी कार्यको निरीक्षण र अनुगमन गर्न यस विभागमा १२ वटा शाखाहरू रहेका छन (शहरी विकास मन्त्रालय, २०७०, वार्षिक प्रगति प्रतिवेदन २०६९।७०) । त्यस्तै, राष्ट्रिय सरसफाई तथा आरोग्य समन्वय समितिले क्षेत्रीय सरसफाई तथा आरोग्य समन्वय समितिलाई महत्वपूर्ण विषयहरुमा दिशानिर्देश गर्दछ । क्षेत्रीय समन्वय समितिहरुले खुला दिसा पिसावमुक्त जिल्लाहरुको सत्यापन गरी सत्यतथ्य पत्ता लगाउँछन् । जिल्लास्तरमा विभिन्न निकायहरुको वीच समन्वय स्थापना

गर्नका लागि जिल्ला सभापतिको अध्यक्षतामा जिल्ला खानेपानी सरसफाई तथा आरोग्य सम्बन्धी समन्वय समिति र नगर तथा गाविसस्तरमा गाउँ तथा नगर खानेपानी सरसफाई तथा आरोग्य सम्बन्धी समन्वय समितिहरु गठन भएका छन् जसलाई गाविस अध्यक्ष तथा नगरपालिकामा मेयरले नेतृत्व गर्ने व्यवस्था रहेको छ ।अध्ययनको क्रममा यी समन्वय समितिहरु त्यति सक्रिय हुन नसकिरहेको र यिनको प्रयास बढि सरसफाईमा केन्द्रीत हुने गरेको बुझियो ।

नीतिको कार्यान्वयनमा योगदान गर्ने अर्को निकाय ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको स्थापना २०५२ साल चैत्र १ गते विकास समिति ऐन २०१३ अन्तर्गत नेपाल सरकारको गठन आदेश बमोजिम भएको हो । परम्परागत खानेपानी आपूर्ति तथा वितरण प्रणालीमा आधारभूत परिवर्तन ल्याई मागमाआधारित तथा सहभागितामुलक बिकास अवधारणालाई समाहित गरी ग्रामीण जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन यसको स्थापना भएको हो । यसले गैरसरकारी सँस्थाहरु मार्फत काम गर्दछ । यसले स्वायत्त रुपमा र विदेशी सहयोगलाई समन्वय गर्ने संयन्त्रको रुपमा पनि काम गर्नुका साथै खानेपानी सरसफाई, अनौपचारिक शिक्षा, वातावरण एवं स्वास्थ्य, आजिविका, सामाजिक उत्तरदायित्व, फण्ड तथा समग्र व्यवस्थापन, समुदाय सहजीकरण र क्षमता अभिबृद्धिलाई एकसाथ अगाडि बढाउँदै सशक्तिकरणलाई पनि बल पुर्याउन खोजेको छ । पहिलो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना सन् (१९९६-२००३) सफल समापन पछि दोस्रो आयोजना सन्(२००४-२०१२) सफलतापूर्वक सम्पन्न भयो । पहिलो ग्रामीण खानेपानी तथा सरसफाई आयोजनाबाट ९०० खानेपानी तथा सरसफाई आयोजना सञ्चालन भई ७ लाख ग्रामीण जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइको सेवा प्रदान गरिएको थियो भने दोस्रो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाबाट १४६५ खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन भइ ११ लाख ग्रामीण जनतालाई सुरक्षित खानेपानी तथा सरसफाईको सेवा प्रदान गरिएको थियो । यी दुबै आयोजनाद्वारा २३६५ आयोजना सम्पन्न गरी १८ लाख ग्रामीण जनतालाई सुरक्षित खानेपानी तथा सरसफाईको सेवा प्रदान गरियो । खानेपानी तथा सरसफाइ सम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न समितिको योगदान खानेपानीको क्षेत्रमा २३ प्रतिशत र सरसफाइमा २१ प्रतिशत हुने प्रक्षेप गरिएको थियो (शहरी विकास मन्त्रालय, २०७०)।

खानेपानी तथा सरसफाई नीति तथा कार्यव्रmमहरुको कार्यान्वयनमा सहकार्य गर्ने तेस्रो महत्वपूर्ण निकाय स्थानीय विकास मन्त्रालय अन्तर्गत को स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) हो । आ.व. २०५९ /६० देखि ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई आयोजना (RWSSP) तत्कालीन स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय निकायहरु मार्फत संचालनमा रहेको छ । यस विभागले खानेपानी तथा सरसफाई कार्यक्रम संचालन गर्नका लागि स्थानीय निकायहरुलाई सहजीकरण गर्दै आएको छ । २०६६ /६७ देखि युनिसेफले पनि विभाग र स्थानीय निकायका मानव संसाधनको क्षमता अभिबृद्धिमा सघाउँदै आएको छ । विभाग र स्थानीय निकायहरुले १००० भन्दा कम जनसंख्याका लागि खानेपानी र सरसफाईका आयोजनाहरु संचालन गर्दछन् । यो आयोजनाको कम्तिमा २० प्रतिशत रकम सरसफाई र आरोग्यका लागि खर्च गर्नुपर्ने प्रावधान गरिएको छ । बाँकी ८० प्रतिशतको पनि कम्तिमा ८० प्रतिशत रकम चालु आयोजनाहरु सम्पन्न गर्नका लागि खर्च गर्ने व्यवस्था छ ।

उल्लिखित तीनवटा संस्थाहरुलाई सेवा प्रवाहका ३ वाहिकाहरु (channel) मान्न सकिन्छ । गैरसरकारी संघसंस्थालाई अर्को वाहिकाको रुपमा लिन सकिन्छ । यी सबैको आ-आफ्नैकार्यपद्धति,दृष्टिकोण, प्राथमिकता, नम्सहरु छन् जसले गर्दा एउटै नीतिको भिन्नभिन्न गतिमा बहुकार्यान्वयन (multiple implementation) को स्थिति बन्ने गरेको छ । यो स्थितिमा जवाफदेहीता र उत्तरदायित्व प्रणाली स्थापित गर्न गाह्रो हुन्छ । यस बाहेक सावुनपानीले हात धुने र विद्यालय स्तरमा सरसफाई र आरोग्यसम्बन्धी क्रियाकलापहरु जिल्ला शिक्षा कार्यालय र जनस्वास्थ्य कार्यालयहरु मार्फत हुने गरेको, विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रि«य गैससहरुले पनि खानेपानी र सरसफाई सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै आएको पाइन्छ । क कसले कहाँ कहाँ के के आयोजना संचालन गरिरहेका छन् भन्ने सूचना संकलन गर्न सकिएन । उनीहरु पूर्ण स्वायत्त रुपमा आफुखुशी काम गरिरहेको बुझियो ।

सरकारबाट यो क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्था गरी जनशक्ति विकास र क्षमता अभिबृद्धिमा पनि लगानी गरिएको छ । हाल खानेपानी तथा ढल निकास विभाग अन्तर्गत ४२ डिभिजन, २८ सव डिभिजनहरुमा झण्डै २२०० विभिन्न तह र श्रेणीका कर्मचारीहरु कार्यरत रहेका छन् । त्यस्तै, खानेपानी तथा सरसफाई कोष विकास समिति अन्तर्गत ४७ जना कर्मचारीहरु कार्यरत रहेका छन् । यस वाहेक साझेदार संस्थाहरुका लागि पनि क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरी कुल ६ हजार २ सय ४० सरोकारवालाहरूको क्षमता अभिवृद्धि भएको तथ्याँक पाइयो ।तर कर्मचारीहरुको बारम्बार भैरहने सरुवाले गर्दा कार्यसम्पादनमा असर गर्ने गरेको पाइयो ।

तेस्रो परिच्छेद

३. कार्यान्वयन र उपलब्धिको लेखाजोखा

कार्यक्रम र आयोजनाहरु मार्फत नीतिहरु कार्यान्वयन भएका छन् र परिणामहरु पनि आएका छन् । तर प्रत्यक्ष कार्य कारण सम्बन्ध स्थापित गर्न कठिन छ । त्यस्तै, विद्यमान कार्यान्वयन क्षमताको तुलनामा उपलब्ध स्रोतसाधनहरु पर्याप्त थिए थिएनन् ? उपलब्ध स्रोतसाधनको उच्चतम प्रयोग हुन सक्यो सकेनखानेपानी तथा सरसफाई सुविधाबाट बचत हुन गएको समयको उत्पादनशील प्रयोग भयो भएनखानेपानी र सरसफाई क्षेत्र कत्तिको सहक्रिmयात्मक हुन सकेका छन् ?कार्यान्वयनमा स्थानीय भौगोलिक, सामाजिक, साँस्कृतिक विशेषताहरुको प्रभाव कस्तो परेको छ ?यी प्रश्नहरुको जवाफ पाउन सजिलो छैन । त्यस्तै, कार्यान्वयनमा देखिएका विविधताहरु थाहा पाउनका लागि नीतिहरु, रणनीतिहरु, कार्यक्रमहरु र आयोजनाहरुको बृहत, प्राविधिक तथा विधिगत हिसावले परिशुद्ध र व्यवस्थित मूल्याँकन अनि स्थलगत अध्ययनहरु जरुरी हुन्छ जुन हामीलाई प्राप्त समय र स्रोतको सीमाभित्र संभव थिएन । त्यस्तै तोकिएको नर्म्स र पद्धतिहरुको अनुशरण कति भयो भएन? कार्यक्रमहरुमा स्थानीय अनुकूलनका समस्याहरु आए आएनन वा कुन हदसम्म र कति गम्भीर भएर आए?त्यस्तै, तत्कालीन, माध्यकालीन र दीर्घकालीन असरहरु के के भए? असरहरु कति अपेक्षित र कति अनपेक्षित थिए नीति देखि कार्यक्रम, आयोजना र क्रियाकलाप सम्मका कार्य कारण श्रृङ्खलाहरु पहिल्याएर, त्यसलाई मापन गरेर एट्रिव्यूसन गर्न सकिने कुरा सम्भव भएन । त्यसैले प्रस्तुत लेखाजोखा मूलत प्रभावमूलक हुन पुगेको छ । देहायका अनुच्छेदहरुमा केही प्रमुख सूचकहरु र अध्ययनबाट प्राप्त सूचनाहरुका आधारमा नीति कार्यान्वयनमा गएपछि भएका उपलब्धिहरुको मोटामोटी विश्लेषण प्रस्तुत गरिएको छ ।

३.१ सेवामा पहुँच

नीतिहरु कार्यान्वयनको वातावरण त्यति अनुकूल भन्न सकिने थिएन । शुरुमा देशमा शसस्त्र संघर्ष पनि चलिरहेकै थियो । शान्ति संझौतापछि पनि राजनीतिक अस्थिरता, निरन्तर परिवर्तन भैरहने सरकारहरु, मन्त्रालयहरुको गठन र पुनर्गठनहरु, कर्मचारीका सरुवा, वन्द हडतालहरु, उपभोक्ता समूहहरुको राजनीतिकरण, प्रशासनयन्त्रमा व्याप्त विगतबाट नसिक्ने प्रवृत्ति, फितलो अनुगमन तथा मूल्याँकन प्रणालीजस्ता प्रणालीगत अवरोधहरु (Systematic Constraints) रहेका थिए । यस सन्दर्भमा, नेपाल सरकारले सन २०१७ सम्ममा खानेपानी र सरसफाइ सेवामा सबै जनसमुदायको पहुँच पुर्याउने लक्ष्य अघि सारेको हो । विगत झण्डै बाह्र वर्षमा उल्लिखित बाधाहरुको बावजूद पनि यस क्षेत्रमा धेरै उपलब्धिहरु हासिल भएका छन् । जहाँ २०११ को राष्ट्रिय जनगणनाले सुधारिएको खानेपानी र सरसफाई सेवामा पहुँचलाई क्रमशः ८५ र ६२ प्रतिशत देखाएको थियो मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे (२०१४) ले खानेपानी र सरसफाईमा क्रमशः ९३ प्रतिशत र ६० प्रतिशत पहुँच देखाएको थियो । सर्भे अनुसार ग्रामीण क्षेत्रमा खुला दिसापिसाव गर्नेहरुको अनुपात ४५ प्रतिशत पाइएको थियो जुन तीव्र गतिमा घट्ने क्रममा थियो । सहस्राब्दी विकास लक्ष्यको सातौ लक्ष्यले सन् २०१५ सम्ममा सुरक्षित खानेपानीमा पहुँच नभएका जनसमुदायको सँख्या आधा घटाउन भनेको थियो । तदनुसार नेपाल सरकारले ७३ प्रतिशत सफा स्रोतको खानेपानीमा पहुँच

पुर्याउने लक्ष्य राखेकोमा ८३ प्रतिशत पुर्याउन सफल भै सो लक्ष्य हासिल गर्न सफल भयो । त्यस्तै सरसफाई सेवाको कभरेज ८० प्रतिशत पुर्याउने भनेकोमा ८१ प्रतिशत पुर्याई लक्ष्य हासिल भएको छ (रायोआ, सहस्राब्दी विकास लक्ष्य अन्तिम प्रतिवेदन, २०१६)। केन्द्रीय तथ्याँक विभाग (२०१५) अनुसार नेपालका झण्डै ५२ प्रतिशत घर परिवारहरुको पाइप लाइनको पानीमा पहुँच छ जसमा ४८.५ प्रतिशत ग्रामीण घरपरिवार छन् । समग्रमा ३५.९ प्रतिशत घरपरिवार र ३९.१ प्रतिशत ग्रामीण घरपरिवारका लागि खानेपानीको प्रमुख स्रोत हाते पम्प र ट्युववेल रहेको छ । झण्डै १३ प्रतिशत घर परिवारहरुले खुला पोखरी, मूल, नदी तथा अन्य स्रोतबाट खानेपानी आपूर्ति गर्ने गरेका छन् । समताको दृष्टिले हेर्दा ७२ प्रतिशत अत्यन्त सम्पन्न घरपरिवारले पाइपवाला पानीमा पहुँच पाएका छन् भने २९.४ प्रतिशत सबैभन्दा कम आय हुने परिवारको पाइपवाला खानेपानीमा पहुँच छ । समग्रमा ८३.६ प्रतिशत जनसँख्याको आधारभूत खानेपानी सेवामा पहुँच पुगेको छ (रायोआ, सहस्राब्दी विकास लक्ष्य अन्तिम प्रतिवेदन, २०१६)। पानी ल्याउन लाग्ने समयका हकमा ७ प्रतिशत घर परिवारलाई एकपटक पानी ल्याउनका लागि आधा घण्टाभन्दा बढी समय लाग्दछ । यसमध्ये सबैभन्दा धेरै (३० प्रतिशत) मध्यपश्चिमको पहाडी क्षेत्रमा बसोबास गर्दछन् भने सबैभन्दा कम पूर्वी तराइमा (१ प्रतिशतभन्दा कम) । प्राय पढेलेखेका र सम्पन्न परिवारका मूलीहरु भएको स्थानमा मानिसहरुले आफ्नै घरको कम्पाउण्डमा पानी ल्याउने प्रयास गर्ने गरेको पाइयो । ८४ प्रतिशत घरपरिवारमा वयस्क महिलाहरुले९ प्रतिशत घरपरिवारमा वयस्क पुरुषले ५ प्रतिशतमा छोरीहरुले र २ प्रतिशतमा छोराहरुले पानी ल्याउने गर्दछन् । वयस्क महिलाहरुले पानी ओसार्ने घरपरिवारमा सबैभन्दा बढी (९२ प्रतिशत) सूदूरपश्चिमको पहाडी क्षेत्रमा र सबैभन्दा कम सूदूरपश्चिम तराईमा (७३ प्रतिशत) रहेका छन् (मिक्स, २०१४)।

यसमा हिमाल, पहाड, तराई र विभिन्न विकासक्षेत्रमा यसको कभरेजको हालको खण्डिकृत तथ्याँक उपलब्ध हुन सकेन । सन २०१४ मा प्रकाशित खानेपानी तथा सरसफाईको स्थितिको प्रतिवेदन अनुसार खानेपानीको भौगोलिक वितरणको प्रवृत्ति हेर्दा हिमाल, पहाड र तराई क्षेत्रमा कभरेज क्रमशः ८०.१९, ८४.८९, र ८४.७९ प्रतिशत रहेको थियो । सरसफाईको कभरेजको हकमा सरसफाई (शौचालय)मा पहुँच भएका घरपरिवारको अनुपात सन् २००० मा ३० प्रतिशत मात्र थियो भने २०१५ मा ८१ प्रतिशत पुग्यो र हाल यो ८७.२७ प्रतिशत पुगेको छ । मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे, २०१४ अनुसार करिव ४५ प्रतिशत (५९.९ प्रतिशत शहरी क्षेत्रमा र ४१.५ प्रतिशत ग्रामीण क्षेत्रमा) घरपरिवारले मात्र सेफ्टी ट्याँक सहितको फ्लस शौचालयको प्रयोग गर्ने गरेको पाइयो । अर्को २२ प्रतिशत घरपरिवारले साधारण खाल्डे शौचालय प्रयोग गरिरहेको र झण्डै २६ प्रतिशतले शौचालयको प्रयोग नगर्ने गरेको पाइयो जसमध्ये ६४ प्रतिशत अत्यन्त न्यून आय समूहका घरपरिवार र २.३ प्रतिशत सबैभन्दा बढि आय भएका समूहका घरपरिवारहरु थिए ।२०७३ आषाढ मसान्तसम्ममा सरसफाईको कभरेज ८७.२७ प्रतिशत पुगेको छ । एक घर एक शौचालय, खुला दिसापिसाव मुक्त क्षेत्रहरुको स्थापना र सावुनपानीले हात धुने अभियानको उल्लेखनीय सफलताले गर्दा उल्लिखित अवधिमा देशभरका ३१५७ गाविसहरुमध्ये २५१४ गाविस, २१७ नगरपालिकामध्ये १३६ र ७५ जिल्लामध्ये ३८ जिल्लाहरु खुला दिसापिसाव मुक्त घोषित भएका छन् (खानेपानी तथा ढलनिकास विभागको अप्रकाशित अभिलेख, २०१७)। सन् २०१० सालमा भौगोलिक हिसावले हिमाल, पहाड र तराईमा यसको कभरेज ३३.६, ५२.९ र ३५.६ रहेकोमा २०१४ मा व्रmमशः ७४.४८, ८७.१४ र ५६.९३ प्रतिशत पुगेको पाइन्छ (Water and Sanitation Status, NMIP Report, 2014) सरसफाईको क्षेत्रमा नेपाल विश्वमै छोटो अवधिमा धेरै

प्रगति गर्ने मुलुकहरुको पंक्तिमा रहेको छ । सन २०१० देखि २०१५ को मध्यसम्ममा सरसफाई सेवाको बिस्तार झण्डै दोब्बर भै ४३ प्रतिशतबाट ८१ प्रतिशत पुग्यो (DWSS, 2015)। देशभरमा सबैभन्दा कम प्रगति मध्यमाञ्चल विकास क्षेत्रमा र त्यसमा पनि तराईका जिल्लाहरुमा भएको देखिन्छ । अहिलेसम्म पनि ४५ प्रतिशतभन्दा बढी शौचालयहरु पिट लेट्रिनको रुपमा रहेका छन् । सन् २०१४ मा अस्वस्थकर शौचालयहरु र भएको शौचालयको उपयोग नगर्ने जनसँख्याको अनुपात व्रmमशः ७.३ र ०.७ प्रतिशत रहेको थियो ।

त्यस्तै, खानेपानी र सरसफाई दुवैतर्फ तराई र विशेष गरी मध्य तराईक्षेत्रको पहुँच न्यून भएको पाइयो । १९.३ प्रतिशत मात्र तराईका घरपरिवारमा पाइपवाला खानेपानी उपलब्ध थियो भने ७२.३ प्रतिशतले छोपिएको इनारको पानी खाइरहेका थिए । पश्चिमाञ्चल विकास क्षेत्रमा ६४.३ प्रतिशत र ३६ प्रतिशत पूर्वाञ्चलका घरपरिवारको पाइपवाला पानीमा पहुँच थियो । त्यस्तै सरसफाई सेवाको कभरेजमा पनि अरु विकासक्षेत्रको तुलनामा पश्चिमाञ्चल विकासक्षेत्र केही अगाडि देखियो भने सूदूर पश्चिमाञ्चल अलि पछाडि परेको देखियो (३० प्रतिशत)। जातजातिको द्दष्टिले नेवार समुदायको सरसफाई सेवामा पहुँच सबैभन्दा बढि (७१.६ प्रतिशत) र मधेशी दलितहरुको सबैभन्दा न्यून (४.६ प्रतिशत) रहेको पाइयो (रा.यो.आ., २०१६)। विद्यालयहरुमा पनि खानेपानी र सरसफाई सेवाको बिस्तार हुँदै गएको छ जसले गर्दा किशोरीहरुको विद्यालय छाड्ने प्रवृत्तिमा कमी आएको देखिएको छ । यसरी प्राप्त उपलब्धि हासिल गर्नमा विभिन्न सरकारी कार्यालयहरु, विकास साझेदारहरु, राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सिर्जना गरिएको सामाजिक आन्दोलनको ठूलो योगदान रह्यो (युनिसेफ, २०१५, वन वाश एनुअल रिपोर्ट)। दक्षिण एशियाली मुलुकहरुसँग तुलना गर्दा नेपालमा खानेपानीको कभरेज अफगानिस्तान (८ प्रतिशत) र पाकिस्तान (५९ प्रतिशत) को भन्दा राम्रो र अन्य मुलुकहरुको तुलनामा अपर्याप्त देखा पर्दछ । त्यस्तै, सरसफाईतर्फ नेपालको अवस्था भारत (४७.८ प्रतिशत) र अफगानिस्तान (३७ प्रतिशत) को भन्दा राम्रो देखिन्छ । नेपालमा बाँकी करिव १३ प्रतिशत जनसँख्यामा खानेपानी तथा सरसफाई सेवा पुर्याउने चुनौति रहेको छ । यस परिद्दश्यमा २०१७ सम्ममा शतप्रतिशत जनसँख्यामा खानेपानी र सरसफाई सेवा पुर्याउने राष्ट्रिय नीतिको लक्ष्य भने पूर्णरुपमा प्राप्त हुन नसक्ने लक्षण देखिन्छ । त्यस्तै, रणनीतिले ग्रामीण क्षेत्रमा प्रतिव्यक्ति प्रतिदिन ४५ लिटर पानी आपूर्ति हुन पर्ने र २५ लिटर भन्दा कम हुन नहुने र धारासम्मको तेर्सो र ठाडो दुरी क्रमश १५० मिटर र ५० मिटरभन्दा बढी हुन नहुने नम्र्स बनाएको भए तापनी कति कति दुरीमा कति जनसँख्याले सेवा प्राप्त गरिरहेका छन् भन्ने एकीन जानकारी प्राप्त हुन सकेन ।

हाल सरसफाई तिरका क्रियाकलापहरुको जोड पूर्ण सरसफाईमा रहेको छ । हालमा घरपरिवारमा, कार्यालय तथा संस्थाहरुमा र शैक्षिक संस्थाहरुमा जोड रहेको छ । प्रमुख क्रियाकलापहरु गाविसहरुको स्तरमा तर्जुमा र कार्यान्वयन हुने गर्दछ । विद्यालयतर्फको सरसफाई कार्यक्रमले बाल क्लवहरुको स्थापना, वार्षिक कार्ययोजनाको तर्जुमा र कार्यान्वयन, वालवालिका, लैंगिक र अपाँगता भएका व्यक्ति मैत्री सरसफाई सेवाहरुको निर्माणउपयोग सरसफाई र मर्मतमा जोड दिएको छ ।

३.२ खानेपानीको गुणस्तर

ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई सम्बन्धी राष्ट्रिय नीति, २०६० र रणनीतिमा खानेपानीमा सुक्ष्म जैविक, रासायनिक, र भौतिक तत्वको स्थानीयस्तरमै उपभोक्ता मार्फत अनुगमन तथा

मूल्याँकन गरी गुणस्तर सुनिश्चित गर्ने संयन्त्र विकास गर्ने, पानीको गुणस्तरको मानकहरु तयार गर्ने र अनुगमन र नियन्त्रण प्रक्रियालाई सुदृढ गर्ने भनिएको छ । रणनीतिमा गुणस्तर विश्व स्वास्थ्य संगठनको न्यूनतम मापदण्ड अनुरुप हुनुपर्ने र नेपाल सरकारले पनि आफै मापदण्ड निर्धारण गर्ने भनिएको छ । तर हालसम्म सरकारको प्रयास बढि पहुँचतर्फ केन्द्रित भएको सन्दर्भ आपूर्ति भैरहेको खानेपानीको गुणस्तर सुधारमा भने पर्याप्त ध्यान पुग्न नसकेको देखिएको छ । प्रदुषित खानेपानी नेपालको जनस्वास्थ्यको एक गम्भीर समस्याको रुपमा रहेको छ । भूमिगत जलको जहाँ प्रयोग भएको छ त्यहाँ प्याथोजेनिक व्याक्टेरियाहरु, किटनाशकहरु, नाइटे«ट र औद्योगिक उत्सर्जन र वहावहरुको जोखिम रहेको छ र कतिपय सुरक्षित भनिएका स्रोतहरु वा वितरण प्रणालीका ठाउँठाउँमा अप्रशोधित पानी वा फोहरको रसावटबाट प्रदुषित भएको स्थिति छ । नेपाल मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे (मिक्स), २०१४ अनुसार आपूर्ति भैरहेको खानेपानी मध्ये ७१ प्रतिशत ई–कोलिबाट प्रदुषित थियो । अप्रशोधित स्रोतबाट सीधा पानी प्रयोग गर्ने घरपरिवारमध्ये १४ प्रतिशतले मात्रउपचार गरेर पानी खान्छन् । यही कारणले गर्दा झाडापखालाको प्रकोप नियन्त्रणमा उल्लेख्य प्रगति हुन सकेको छैन । खुला दिसापिसाव मुक्त वातावरणले मात्र सम्पूर्ण सरसफाई र आरोग्यको ग्यारंटी गर्न सक्दैन । त्यसका लागि घरपरिवार, टोल छिमेक र वरपरको वातावरणलाई स्वच्छ र आरोग्यमय राख्नुपर्दछ र पानीको स्रोत र आपूर्ति प्रणालीलाई प्रदुषणमुक्त बनाउनु पर्दछ । पानीको गुणस्तरलाई असर पार्ने तत्वहरुमा नदी वरपर र पानीको मुहान वरपर घरेलु तथा औद्योगिक फोहरमैला फाल्ने परिपाटी, कृषिक्षेत्रमा बढ्दो रासायनिक तत्वहरु एवं किटनाशकहरुको प्रयोगर गैर शहरी इलाकाहरुमा ढलनिकासको प्रणाली विकास हुन नसक्नु, खियालागेकाचुहिने पानीका पाइपहरु र ढल र पानीका पाइपहरु सँगसँगै विछ्याइनु आदि छन् (CBS Nepal and Unicef,2014)।

समग्रमा ९३ प्रतिशत घरपरिवारले सुधारिएको स्रोतबाट पानी उपयोग गर्ने गरेको, त्यसमध्ये ४३ प्रतिशतले ट्युववेल वा बोरहोल प्रयोग गरेको, १९ प्रतिशतले सार्वजनिक धारा प्रयोग गरेको, १६ प्रतिशतले निजीधारा प्रयोग गर्ने गरेको पाइयो (मिक्स, २०१४)। नसुधारिएको स्रोतबाट पानी पिउनेहरुमा सबैभन्दा प्रचलित (३ प्रतिशत) असुरक्षित मूलको पानी खाने गरेको पाइयो । सुधारिएको पानीको स्रोत उपयोग गर्नेमा सबैभन्दा धेरै पूर्वी तराईमा थिए (९९ प्रतिशत) भने मध्यपश्चिमको हिमाली क्षेत्रमा सबैभन्दा कम (७३ प्रतिशत) थिए । घरमूलीको शिक्षाको स्तर र सुधारिएको स्रोतबाट पानी पिउने परिपाटिवीच कुनै सम्बन्ध भेटिएन । सबैभन्दा कम आय हुने घरपरिवारका ८३ प्रतिशतले सुधारिएको स्रोतबाट पानी नपिउने गरेको पाइयो (मिक्स, २०१४)। नसुधारिएको पानीको स्रोत प्रयोग गर्ने घरपरिवारका सदस्यमध्ये ८१ प्रतिशतले विना उपचार र १४ प्रतिशतले मात्र उपचार गरेर पानी पिउने गरेको पाइयो । उपचारको प्रमुख विधि फिल्टर गर्नु (१२ प्रतिशत) र उमाल्नु (१० प्रतिशत)रहेको पाइयो । सबैभन्दा बढि उपचार गरी पानी पिउनेमा पश्चिमाञ्चल विकास क्षेत्र (६३ प्रतिशतले उमाल्ने गरेको) र सबैभन्दा कम सूदूरपश्चिम पहाडमा ९९ प्रतिशतले विना कुनै उपचार पानी पिउने गरेको पाइयो । पानी उपचार गर्ने प्रचलन शहरी क्षेत्रमा, शिक्षित तथा सम्पन्न परिवारमा बढी रहेको देखियो (मिक्स, २०१४)।

त्यसो त खानेपानी गुणस्तर सुनिश्चितताका लागि ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिबाट मुहानदेखि मुखसम्म खानेपानीको गुणस्तर सुनिश्चित गर्नका लागि आयोजनाका विभिन्न चरण (पूर्व सम्भाव्यता, विकास चरण र कार्यान्वयन चरण) मा खानेपानी गुणस्तरको परीक्षण गर्ने

गरिएको छ । यस अन्तर्गत दशौं समूहको पूर्व सम्भाव्यता चरणमा खानेपानीको ५५७ नमुना प्राप्त भएकोमा ४२९ आयोजनाहरू ग्राभिटी प्रणालीमा रहेका र त्यस्ता प्रणालीमा पर्ने मुहानहरूमा मुख्य रुपमा जैविक संक्रमण र केहीमात्रामा फिकल कोलिर्फम, धमिलोपन, एमोनिया, आइरन र म्यागनिज जस्ता तत्वहरू पनि पाइयो । त्यसैगरी संकलन गरिएको १२८ वटा नमूना भूमिगत खानेपानी प्रणालीका टयुववेल, इनारहरूको नमुनाहरूको जाँच गर्दा मध्यम संख्यामा धमिलोपन, एमोनिया, आइरन, म्यागनिज र फिकल कोलिर्फम आदि पाइयो ।

मिक्स अनुसार समग्रमा ८२ प्रतिशत जनसंख्या इ.कोलीको जोखिममा छन् । शहरी क्षेत्र (७२ प्रतिशत)भन्दा ग्रामीण क्षेत्र (८४ प्रतिशत)मा बढी जोखिम छ र लगभग ८० प्रतिशत घरपरिवारहरु निरन्तर जोखिममा रहिरहने गरेको अवस्था छ । उच्चशिक्षा प्राप्त व्यक्तिका घरपरिवारमा भने यो जोखिम अलि कमहुने (६४ प्रतिशत) अनुमान गरिएको छ । यथार्थमा पानीको गुणस्तर परिवारको आर्थिक हैसियतसँग प्रत्यक्ष सम्बन्धित रहने गरेको छ । सबैभन्दा विपन्न परिवारहरु इ.कोलीको उच्च जोखिममा रहेका छन् (९१ प्रतिशत)। त्यस्तै नसुधारिएको पानीको स्रोत प्रयोग गर्नेहरु सुधारिएको स्रोत प्रयोग गर्नेहरु भन्दा बढि जोखिममा रहेका छन् । पाइपको पानी प्रयोग गर्नेहरु भन्दा अन्य स्रोतको पानी प्रयोग गर्नेहरु र हातधुने सुविधा भएकाभन्दासुविधा नहुनेहरु इ.कोलीको बढि जोखिममा छन् ।

३.३ सुचारुता

अधिकाँश खानेपानीसम्बन्धी आयोजनाहरुको अवस्था दयनीय रहेको छ । त्यसले गर्दा कतिपय आयोजनाहरुबाट वर्षभर पानी नआउने, पर्याप्त पानी उपलब्ध नहुने,र कतिपय मर्मत सम्भारको अभावमा सेवा अवरुद्ध भैरहेको अवस्था पनि छ । सन् २०१२ को एक अनुमान अनुसार देशमा संचालित आयोजनाहरुमध्ये २५ प्रतिशत मात्र राम्ररी संचालन भैरहेका थिए । खानेपानी तथा ढल निकास विभागको एक प्रतिवेदन (२०१४) अनुसार ७० प्रतिशतभन्दा बढि आयोजनाहरु मर्मतसम्भार, पुनस्थापन र पुननिर्माण गर्नुपर्ने अवस्थामा छन् । हरेकवर्ष बाढि पहिरोको कारणबाट औसतमा १०० आयोजनाहरु क्षतिग्रस्त हुने गरेका छन् । सन् २०१५ को महाभूकम्पको कारणले १५७० आयोजनाहरु गम्भीर रुपमा क्षतिग्रस्त भए भने ३६६३ आयोजनाहरु आँशिक रुपमा क्षतिग्रस्त भै सेवा अवरुद्ध भए (रा. यो. आ.२०१५) । खानेपानी आपूर्तिको प्रणाली व्यवस्थापनमा पनि धेरै सुधार हुनुपर्ने अवस्था छ भने दक्ष जनशक्तिको अभाव, उपकरण र सामग्रीहरुको अभाव, संचालन र मर्मत सम्भारका लागि यथेष्ठ स्रोतको अभावले आयोजना सुचारु गर्नमा अवरोध खडा हुने गरेको छ । कतिपय आयोजनामा विशेषगरी सार्वजनिक धाराहरुमा मर्मत सम्भार गर्नका लागि उपभोक्ताहरुले कम रुची देखाउने र दुर्गम क्षेत्रमा पार्टपूर्जाको अभाव हुने, पुराना आयोजनालाई मर्मत सम्भार वा पुनस्थापन गर्नुको साटो राजनीतिक प्रभावका आधारमा नयाँ आयोजना लैजाने प्रवृत्ति पनि देखा परेको छ ।

खानेपानी तथा ढल निकास विभागबाट भएको सर्भेले कभरेज र सेवाको सुचारुता बारे लेखाजोखा गर्यो तर सेवाको स्तर वा पर्याप्तता र अपर्याप्तता बारे यसले अध्ययन गरेन । वर्षभरको आपूर्तिको अवस्था, आयोजनाको भौतिक अवस्था र व्यवस्थापनको बारेमा अध्ययन भयो । मर्मतको आवश्यकता नभएका उपभोक्ताहरु आफैले मर्मत गर्न सक्ने (Minor Repair) र उपभोक्ताले मात्रै गर्ननसक्ने र वाह्यसहयोग आवश्यक पर्ने (Major Repair)भनी वर्गीकरण गरिएको छ । डिजाइनको चरणमा सुचारु रहेका तर परिमाण र गुणस्तरका दृष्टिले हालको माग धान्न

नसकिरहेका आयोजनालाई पुनस्थापन गर्नुपर्ने आयोजनाको वर्गमा राखिएको छ । धेरै नै कम क्षमतामा संचालन भैरहेका र उपभोक्ताका अतिरिक्त उल्लेख्य रुपमा वाह्य वित्तिय र प्राविधिक निवेशको आवश्यकता रहेका आयोजनालाई पुननिर्माण आवश्यक भएका आयोजनाको रुपमा वर्गीकरण गरी गरिएको छ । अध्ययनअनुसार पाइपवाला धाराको भौतिक र व्यवस्थापनको अवस्था यसप्रकार थियो (तालिका २)।

तालिकाः २ पाइपवाला धाराहरुको भौतिक अवस्था र व्यवस्थापन

क्षेत्र	जम्मा आयोजना सँख्या	वर्षभरी पानी आउने प्र.श.	राम्ररी संचालित प्र.श.	सामान्य मर्मत गर्नुपर्ने प्र.श.	धेरै मर्मत गर्नुपर्ने प्र.श.	पुनस्थापना गर्नुपर्ने प्र.श.	पुननिर्माण गर्नुपर्ने प्र.श.	आफ्नै प्राविधिक भएका प्र.श.	पर्याप्त उपकरण हरु भएका प्र.श.	संचालन र मर्मत कोष भएका प्र.श.
पूर्वाञ्चल	८९०४	६५.३	२७.२	३७.४	९.२	१९.०	७.१	३०.९	३०.२	४.८
मध्यमाञ्चल	९६८०	७१.७	२५.०	३६.४	१०.४	२०.२	७.९	२९.६	३५.५	३.७
पश्चिमाञ्चल	१३०७५	६९.७	२४.३	३९.५	७.९	१९.९	८.४	३१.३	३३.२	३.८
म.पश्चिमाञ्चल	५१६९	६५.८	२५.९	३२.०	९.३	१९.६	१२.९	३७.८	३६.५	६.३
सू.पश्चिमाञ्चल	४३७७	६४.५	२५.५	३४.७	१०.४	२०.६	८.७	३०.१	४२.४	५.९
नेपाल	४१२०५	६८.२	२५.४	३६.१	९.२	१९.८	८.६	३१.५	३४.५	४.५

स्रोतः खानेपानी तथा ढलनिकास विभाग, २०१४ Nationwide Coverage and Functionality Status of Water Supply and Sanitation in Nepalकाआधारमा तयार गरिएको ।

३.४ सरसफाई

ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाईसम्बन्धी राष्ट्रिय नीति, २०६० र रणनीतिको ससर्ति अध्ययन गर्दा सरसफाईले भन्दा खानेपानीले बढि स्पेस पाएको देखिन्छ । यस्तो हुनुको कारण सरसफाईको महत्वप्रति जागरुकता कम हुनु र सन् २०६० सम्म विश्वभर नै सरसफाईको एजेण्डाले त्यति महत्व पाउन नसक्नु हो । यही कमीलाई अनुभूत गरी सरसफाई सम्बन्धी छुट्टै गुरुयोजना ल्याइयो र सहस्राब्दी विकास लक्ष्य पूरा नहुने देखेपछि सहस्राब्दी विकास लक्ष्य एक्सीलेरेसन फ्रेमवर्क ल्याइएको हो । अपर्याप्त सरसफाइ सुविधा र अगतिलो सरसफाईसम्बन्धी आचरणका कारणले जनजीवनमा र विशेष गरी महिला र बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पर्ने गरेको छ । अझ पनि देशका कतिपय स्थानमा खुला दिसापिसावलाई समाजले अनुमोदन गरिरहेको पाइन्छ । यो व्यवहार खुला दिसापिसाव मुक्त क्षेत्रमा पनि देख्न सकिन्छ । चर्पिहरु र विशेष गरी पिट लेट्रिनहरु गन्हाउने भएकाले फोहर ठानी प्रयोग नगर्ने र खुला दिसापिसावलाई निरन्तरता दिने गरिएको छ । यी समस्याहरुको वावजूद नेपालले सरसफाईको क्षेत्रमा गरेको प्रगति उल्लेखनीय रहेको छ । सन् १९९० देखि २०१४ को वीचमा सुधारिएको निजी सुविधाको प्रयोग गर्ने जनसमुदायको अनुपात ४२ प्रतिशतले बृद्धि भयो । यसको अर्थ हो दुई दशक अगाडिको तुलनामा झण्डै १ करोड ७० लाख बढि जनसमुदायले सुधारिएको सरसफाई सुविधाको उपभोग गरिरहेका छन् । यही अवधिमा खुला दिसापिसाव गर्ने जनसमुदायको अनुपातमा ५६ प्रतिशतले कमी आयो । यसरी नेपाल दक्षिण एशियामा सबैभन्दा छिटो खुला दिसापिसाव मुक्त क्षेत्रको रुपमा रुपान्तरित भएको छ । मिक्स २०१४ अनुसार ६० प्रतिशत नेपालीहरुले निजी सुधारिएको शौच सुविधा प्रयोग गरेको पाइयो । तर चर्पिहरुमा पहुँच बढे तापनी सुरक्षित रुपमा बालबालिकाको मलमुत्र संकलन र व्यवस्थापन गर्ने वानी बसिसकेको छैन । यसले गर्दा झाडापखालाजस्ता रोगहरुको रोकथाम अपेक्षाकृत रुपमा हुन सकिरहेको छैन । मिक्स अनुसार ४८ प्रतिशत बालबालिकाहरुको मलमुत्र सुरक्षित रुपमा व्यवस्थापन हुन सकेको छैन ।

सरसफाईसम्बन्धी सामाजिक अभियानको सफलताको मूल कारण सबै सरोकारवालाहरुको साझा प्रयासलाई मानिएको छ । कतिपय विद्यालयहरुमा शौचालयको अभाव छ तापनी विद्यालयहरुमा गरिएको लगानी र विद्यालयमा आधारित सम्पूर्ण सरसफाईको ब्यानर अन्तर्गत विद्यार्थीहरुको भूमिका महत्वपूर्ण रहेको छ । सन् २००९ मा अत्यन्त न्यून संख्यामा विद्यालयहरुमा छात्राहरुका लागि अलग्ग चर्पिको प्रावधान थियो र झण्डै ७५ प्रतिशत विद्यालयहरुमा चर्पिको व्यवस्था नै थिएन। हाल यस्ता सुविधायुक्त विद्यालयहरुको सँख्या दुई तिहाई पुगेको छ । विद्यालयमा खानेपानी सरसफाई र आरोग्यता सम्बन्धी सुविधाहरुको सेवाको निरन्तरता, मर्मत सम्भार र व्यवस्थापनको पाटो अझै पनि चुनौतिपूर्ण रहेको छ । अझै पनि उपयुक्त सरसफाइ र आरोग्यताको प्रावधानको अभावमा विशेष गरी महिनावारीका बेलामा निकै ठूलो सँख्यामा किशोरीहरु विद्यालयमा अनुपस्थित रहने गरेका छन् । यसको वावजूद पनि यो सवालमा शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिहरु, शिक्षक अभिभावक संघहरु प्राय बेखबर रहेको पाइएको छ ।

सरसफाई गुरु योजना, २०६८ को कार्यान्वयन पश्चात हालका दिनसम्म आईपुग्दा स्थानीय निकायको नेतृत्वमा सामाजिक अभियानको रुपमा सरसफाई प्रवर्द्धन कार्यक्रम संचालन भईरहेको छ । यस क्षेत्रमा संलग्न सरोकारवालाहरुले विगतदेखि विभिन्न नामले खुला दिसामुक्त क्षेत्र घोषणा पश्चातका क्रियाकलापहरु संचालन गर्दै आएको भएता पनि परम्परागत रुपमा स्थापित रुढीबादी संस्कार, सरसफाईले स्वास्थ्यमा पुर्‍याउने सकारात्मक प्रभाव प्रतिको सचेतनाको अभाव, आवश्यक पूर्वाधारहरुको कमी, हेल्चेक्रयाई, अशक्तता तथा स्थानीय तहको फितलो अनुगमनका कारण सरसफाइ सम्बन्धी संरचनाहरुको समुचित प्रयोग, मर्मत सम्भार तथा स्वस्थकर बानी ब्यवहार विकास गर्ने कार्य चुनौतीपूर्ण बनेको छ । सरसफाईको राष्ट्रि«य अभियानमा सहरी सरसफाईका मुद्दाहरुलाई ठोस रुपमा संबोधन गर्नु उक्तिकै आवश्यक रहेको छ । विपद्का अवस्थामा खानेपानी र सरसफाईका सेवा सुविधाहरुको आपूर्ति र निरन्तरता अपरिहार्य रहेको देखिन्छ (पूर्ण सरसफाई मार्गदर्शन, २०१६)।

करिव ६० प्रतिशत घरपरिवारले सुधारिएको सरसफाई सेवा उपयोग गरिरहेको पाइयो । यसवाहेक १० प्रतिशतले पाँच परिवार वा सोभन्दा कम परिवारसँग संयुक्त रुपमा, २ प्रतिशतले पाँचभन्दा धेरै परिवारसँग संयुक्त रुपमार १ प्रतिशतले सार्वजनिक सुविधा प्रयोग गर्ने गरेको पाइयो । मध्यमाञ्चल विकास क्षेत्रको पहाडमा सबैभन्दा बढि घरपरिवार (२६ प्रतिशत) ले साझा वा सार्वजनिक सुविधाको उपयोग गर्दछन् भने सबैभन्दा कम (२ प्रतिशत) सुदूरपश्चिम पहाडमा । पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा धेरै सुधारिएको सरसफाई सेवा उपयोग गर्ने परिवारहरुको बसोबास रहेको छ (९४ प्रतिशत) र सबैभन्दा कम उपयोग गर्ने घरपरिवारको बसोबास मध्य तराईका जिल्लाहरुमा रहेको छ (४२ प्रतिशत) । ग्रामीण क्षेत्रमा (६७ प्रतिशत) भन्दा शहरी क्षेत्रमा बढि सरसफाई सेवाको प्रयोग हुने गरेको छ (९४ प्रतिशत)। बढि शिक्षित परिवारहरुमा यो सेवाको बढि प्रयोग हुने गरेको पाइएको छ । त्यस्तै हात धुने प्रचलनतर्फ, ९७ प्रतिशत घरपरिवारमा हातधुनका लागि निश्चित स्थान तय गरिएको पाइयो । त्यसमध्ये दुई तिहाई घरपरिवारमा पानी र सावुन दुवै कुरा उपलब्ध भए भने ६ प्रतिशतमा पानी र अन्य हातधुने वैकल्पिक तत्वहरु उपलब्ध भएको पाइयो । १३ प्रतिशत घरपरिवारमा पानी मात्र प्रयोग भएको पाइयो भने २ प्रतिशतमा सावुन पाईयो तर पानी पाइएन । बाँकी ९ प्रतिशत घरपरिवारमा सावुन र पानी दुवै नभएको अवस्था रह्यो । साबुनपानी प्रयोगको दृष्टिले पूर्वी तराई सबैभन्दा अगाडि रहेको छ (८१ प्रतिशत) भने सबैभन्दा

पछाडि मध्यपश्चिमको पहाडीक्षेत्र (४१ प्रतिशत) रहेको छ । शिक्षित र सम्पन्न परिवारहरुमा पानी, सावुन र हातधुने ठाउँको व्यवस्था बढि र कम शिक्षित वा विपन्न परिवारहरुमा कम हुने गरेको छ । विपन्न परिवारहरुमध्ये ४६ प्रतिशतले मात्र पानी सफा गर्ने पदार्थ र हातधुने ठाउँको व्यवस्था गरेका छन् ।

३.५ उपयुक्त प्रविधिको प्रयोग

नीति तथा रणनीतिमा उपयुक्त रउपभोक्ताले धान्न र व्यवस्थापन गर्न सक्ने खालको प्रविधिको प्रयोग गर्ने, स्थानीयस्तरमा उपलब्ध ज्ञान, सीप र साधनको अधिकतम परिचालन गर्ने, आवश्यक मेशिनरी, उपकरण र सामग्रीहरु स्थानीय तहमा उत्पादन गर्ने र सामग्री निर्माणमा स्तरीयता कायम गर्न मापदण्ड निर्धारण गरी लागू गर्ने उल्लेख गरिएको छ ।साथै सुपथ उपयुक्त र वातावरणमैत्री परम्परागत र नयाँ प्रविधिहरु समेत समाविष्ट गरी विकल्प सहितको क्याटलग तयार गर्ने, उपभोक्ताहरुको आवश्यकता क्रयशक्ति र महसूल तिर्ने इच्छा समेतका आधारमा छनौट गर्ने सुविधा प्रदान गर्ने र बैकल्पिक प्रविधिहरुको प्रयोग गर्ने क्षमता विकास गर्ने भनिएको छ । तर यथार्थमा यस प्रकृतिका कार्यहरु त्यति प्रभावकारी हुन नसकेको बुझियो । कतिपय आयोजनाहरु ससाना पार्टपूर्जाको अभावमा बन्द हुने गरेको थाहा भयो ।

३.६ लैंगिक समानता र सामाजिक समावेशीकरण

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको दशौ समूहको पूर्व संभाव्यता प्रतिवेदनबाट पानीको सुविधाको अभावका कारण महिलाहरूले खानेपानीको जोहो गर्न कतिपय स्थानमा १२ घण्टासम्म बिताउनु परिरहेको देखिन्छ। विपन्न, भौगोलिक रूपमा दुर्गम ठाउँमा बसोबास गर्ने र अवसरबाट वञ्चित वर्ग (दलित वा जनजाति) का महिलाले त एकैसाथ अनेकौं वहिष्करणका घटनाहरूका सामना गर्नु पर्ने हुन्छ । यही तथ्यलाई मध्यनजर गरेर ग्रामीण खानेपानी तथा सरसफाई क्षेत्रमा लैंगिक समानता र सामाजिक समावेशीकरणको मर्मलाई आफ्ना आयोजनाहरूमा मूलप्रवाहीकरण गरिएको छ । खानेपानी तथा सरसफाई आयोजनाको तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा समेत उनीहरूको भूमिका अभिबृद्धिका लागि प्रयासहरु भएका छन् । समावेशीकरणको सवाललाई विभिन्न कोणबाट सम्बोधन गर्ने प्रयास भएको छ । प्रथमतः सेवाग्राहीहरुलाई आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याँकनको प्रक्रियामा समाहित गर्ने प्रयास भएको छ । दोस्रो, सेवा प्रवाहमा दलित, अल्पसँख्यक, पिछडिएका जातजातिलाई लक्षित गर्ने गरिएको छ । तेस्रो, सेवा प्रदायक जनशक्तिलाई पनि समावेशीकरणको माध्यमबाट विविधतापूर्ण बनाउने प्रयास भएको छ । तसर्थ, आयोजनाहरुको लागि कर्मचारीहरु नियुक्त गर्दा पनि विभिन्न समुदायहरुको प्रतिनिधित्व हुने गरी गर्ने गरिएको छ ।

पूर्व संभाव्यता अध्ययन तथा दशै समूह अन्तर्गतको विकास चरणको प्रतिवेदनका अनुसार ४५ वटा जिल्लाका एक सय सात वटा सहयोगी संस्थाले ५६२ वटा आयोजनाको पूर्व संभाव्यता प्रतिवेदन पेश गरेका थिए । दशौं समूह अन्तर्गत ८९ हजार १ सय ७८ घर परिवारका ४ लाख ९१ हजार ४ सय २४ जनसख्या समेटिने लक्ष्य थियो, यसमध्ये ५०.१ प्रतिशत पुरुष र ४९.९ प्रतिशत महिलाहरू छन् । आयोजनाहरू सबै समावेशी सिद्धान्तका आधारमा छनोट भएका छन् र यिनमा महिलाहरूको प्रतिनिधित्वलाई प्रमुख आधारका रुपमा लिइएको छ । यीमध्ये करिव ४० प्रतिशत घर परिवारहरू उपल्लो जातिका, २९ प्रतिशत तुलनात्मक रुपमा अवसरबाट वञ्चित जनजाति, १५

प्रतिशत दलित, ६ प्रतिशत धार्मिक अल्पसंख्यक समूह, ६ प्रतिशत नै अन्य पिछडिएका जातजाति र ४ प्रतिशत तुलनात्मक रुपमा लाभान्वित जनजाति रहेको बुझियो ।

कम्तिमा ३३ प्रतिशत महिलाहरू हुनुपर्ने व्यवस्थाअनुरुप एकसय सातवटा सहयोगी संस्थामध्ये अधिकांशले आफ्ना कर्मचारीमा ५० प्रतिशत महिला, विपन्न र सामाजिक वहिष्करणमा परेको समूहलाई समावेश गरेको, त्यसमध्ये ७२ प्रतिशत सहयोगी संस्थाले कम्तिमा ३३ प्रतिशत महिलाहरूलाई कर्मचारीमा नियुक्त गरेको तर महिला कर्मचारीहरू नियुक्त गर्न र उनीहरूलाई संस्थामा टिकाईराख्न भने चुनौतीपूर्ण भएको बुझियो । महिलाहरुको वाहुल्य उत्प्रेरकमा भएको, वास (WASH) प्राविधिक तथा प्राविधिक अधिकृतमा उनीहरुको प्रतिनिधित्व कम रहेको र टीम लीडरमा महिला प्रतिनिधित्व निकै कम अर्थात् १० प्रतिशत मात्र रहेको पाइयो । त्यस्तै, युनिसेफबाट संचालित क्षमता अभिबृद्धि कार्यक्रममा पनि कम्तिमा करिव २५ हजार उपभोक्ता समितिका सदस्यहरुमध्येबाट ३३ प्रतिशत स्थान महिलाहरुका लागि प्रदान गरिएको थियो । यस्ता उपभोक्ता समितिहरुमा महिलाहरुको प्रतिनिधित्व ३३ प्रतिशतभन्दा बढि रहेको छ ।

३.७ दीगोपन

ग्रामीण खानेपानी तथा सरसफाई नीति तथा रणनीतिमा आयोजनाको स्वामित्व, संचालन र सम्भारको दायित्व उपभोक्ता समितिले लिनुपर्ने र बृहत एवं जटिल आयोजनाहरुको लागि प्राविधिक सहायता र आर्थिक अनुदानको व्यवस्था गर्ने उल्लेख छ । रणनीतिले संचालन तथा मर्मत सम्भार कोष खडा गर्ने, जिविस र गाविसस्तरमा पुनर्स्थापना कोष स्थापना गर्ने, कोषलाई सबल बनाउन कार्यान्वयन निकायहरुको आयमूलक कार्यक्रमहरुसँग आवद्ध गर्ने, गाविसका प्राविधिक सहायकहरुलाई आयोजनाहरुको संचालन तथा मर्मत सम्भार सम्बन्धी तालिम दिने र सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुलाई सरसफाई सम्बन्धी तालिम दिने व्यवस्था गरेको छ । उपभोक्ता समूहहरुलाई व्यवस्थापकीय सीप प्रदान गर्ने र जवाफदेही बनाउने, समूहहरु वीच अनुभव र सहयोग आदान प्रदान गर्न महासँघहरु गठन गर्ने, मर्मत सम्भार सम्बन्धी शर्तहरु, पानीको महसुल निर्धारण जस्ता विषयहरु समेत समावेश गरी निर्देशिकाहरु निर्माण गर्ने र आवश्यक पार्टपूर्जाहरु स्थानीय तहमै उत्पादन गर्ने भनेको छ । निर्माणकार्य शुरु गर्नुपूर्व नै संचालन र मर्मतखर्चका लागि कोष स्थापना गर्नुपर्ने र गरिव परिवारका लागि विशेष अनुदानका लागि समुदायबाट व्यवस्थित चक्रकोषहरुको व्यवस्था गर्ने भनिएकोमा मर्मत सम्भार कोष, विशेष अनुदानका लागि चक्रकोष र पुनस्थापना कोष स्थापना गर्ने कार्य प्राय हुन नसकेको देखियो । त्यस्तै, गाविसहरुमा प्राविधिकहरुले सेवा पनि नियमित रुपमा दिन नसकिरहेको, स्थानीयस्तरमा पार्टपूर्जा उत्पादन गर्न नसकिएकोमर्मतसम्भारमा उपभोक्ता समितिबाट अपेक्षित पहल नभएको र उपभोक्ताहरु मर्मतसम्भारका लागि योगदान गर्न कम तत्पर हुने गरेको भन्ने बुझियो ।

३.८ अनुगमन, मूल्याँकन तथा सूचना व्यवस्थापन

पहिचान गरिएका सूचकहरु अनुसार सूचनाहरु संकलन गर्ने र अद्यावधिक गर्ने कार्य प्रभावकारी रुपमा हुन नसकिरहेको देखिन्छ । खानेपानी तथा ढल निकास विभागले खानेपानी तथा सरसफाई सेवामा पहुँच र सेवाहरुको सुचारुतासम्बन्धी सही सूचनाहरु संकलन गर्ने अद्यावधिक गर्ने र योजना तथा कार्यक्रम तर्जुमाका लागि सूचनाहरु उपलब्ध गराउने, प्रचार प्रसार गर्ने उद्देश्यले राष्ट्रिय व्यवस्थापन सूचना आयोजनाको स्थापना गरेको छ ।तापनि सूचक बमोजिमका खण्डिकृत

सूचनाहरु भने प्राप्त हुन सकेन । खानेपानी तथा सरसफाई क्षेत्रको तथ्याँकहरु, विभिन्न कार्यक्रम आयोजना वा स्किमहरुको कार्यान्वयन, संचालन, मर्मत सम्भार र पुनस्थापनको अवस्था र आवश्यकताका बारेमा निरन्तर सूचनाहरु अद्यावधिक गरी बजेट र कार्यक्रम तर्जुमा प्रक्रियालाई पृष्ठपोषण गर्नुपर्दछ । सूचना प्रणालीलाई सुदृढ र अद्यावधिक गर्नका लागि उपलब्ध आधुनिक सूचना प्रविधीको अधिकतम उपयोग गर्नुपर्दछ । प्रमुख सूचकहरुः आधारभूत खानेपानीको उपलब्धता हुने जनसँख्या र प्रतिशत, उच्च र मध्यमस्तरका खानेपानी सेवाको उपलब्धता हुने जनसँख्या र प्रतिशत, चुहावट नियन्त्रण र पानीको बचत आयोजनाहरुको सँख्या, खानेपानीको वितरणको सुनिश्चितता वर्षायाम, सुख्खायाम प्रति घर जम्मा लिटर, सरसफाई सुविधाको उपलब्धता घरपरिवार सँख्या र प्रतिशत जस्ता सूचकहरुको प्रयोग भएको पाइन्छ । प्रभावकारी सूचकमा आधारित गुणस्तरीय, भरपर्दो, सामयिक र आय, उमेर, जातजाति, क्षेत्र, बसाइसराई र लैंगिक आधारमा खण्डिकृत तथ्याँकहरु संकलन र अद्यावधिक गर्ने व्यवस्था हुन जरुरी छ ।

चौथो परिच्छेद

४. निचोड र सुझावहरु

४.१ निचोड

४.१.१ समग्रमा हेर्दा ग्रामीण खानेपानी र सरसफाई नीति र कार्यनीति आएपछि यो क्षेत्रमा थुप्रै नीतिगत व्यवस्थाहरु भएका छन् र प्राय एक अर्कोसँग तालमेलमै रहेका छन् । विशेष गरी पृथक मन्त्रालयको स्थापनापछि यस क्षेत्रले नेतृत्व प्राप्त गरेको छ र उल्लेख्य प्रगति पनि भएको छ । तर सन् २०१७ सम्ममा खानेपानी र सरसफाईको कभरेज शत प्रतिशत पुऱ्याउने लक्ष्य तत्काल पूरा हुने देखिदैन । अन्य विषयका हकमा कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि लागत खुल्ने गरी बजेटेड कार्यक्रम र कार्ययोजना भने तयार भएको पाइएन । सालबसाली कहिल्यै अन्त नहुने खालका कार्यक्रम राख्ने र प्राप्त बजेटलाई इन्क्रिमेन्टल ढंगले खर्च गर्दै जाने प्रवृत्ति रहेको छ । नयाँ र रुपान्तरकारी सोचको प्राय अभाव छ । कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्ने, सालवसाली प्रकृतिका कार्यक्रमहरुलाई रिनोभेट गर्ने, सेवाको परिमाण, गुणस्तर र स्तर यकीन गर्ने, माग र आवश्यक पूर्वाधारको लागत इस्टिमेटमा आधारित भै स्रोतसाधनको विनियोजन गर्ने, अन्तरनिकाय समन्वयमा सुधार गर्ने, खानेपानी र सरसफाईमा न्यायोचित साधनको वाँडफाँड गर्ने कुरामा अझ धेरै काम गर्न बाँकी रहेको पाइयो ।

४.१.२ समग्रमा, खानेपानी र सरसफाईको क्षेत्रमा उल्लेखनीय प्रगति भएको भए तापनि सरसफाई सेवाको पहुँचमा क्षेत्रीय, जातीय, शारिरीक विशेषता र वर्गीय हिसावले विषमताहरु रहेका छन् । आर्थिक सामाजिक हैसियतका अतिरिक्त यो विषमताका विभिन्न कारणहरु छन् । सरसफाई र आरोग्यका क्षेत्रमा बाञ्छित मात्रामा प्रगति हासिल गर्न सेवामा सबैको पहुँच पुर्याउन र विषमताहरुको सम्बोधन हुन जरुरी छ । उपलब्ध तथ्याँक अनुसार देशमा झण्डै १३ प्रतिशत घरपरिवारहरु खानेपानी र सरसफाई सेवाबाट बञ्चित रहेका छन् । प्राप्त जानकारी अनुसार बाँकी स्थानहरु प्राय दुर्गम क्षेत्रमा रहेका, पानीको स्रोत निकै टाढा भएका, प्राविधिक र वित्तिय हिसावले चुनौतिपूर्ण भएकाले शतप्रतिशत पहुँच सुनिश्चित गर्ने कार्य निकै चुनौतिपूर्ण हुन सक्छ । साथै, राष्ट्रिय तथ्याँक प्रणालीमा विभिन्न कारणले आपूर्ति अवरुद्ध भएका सेवाहरु प्रतिविम्बित नहुने र कभरेजको तथ्याँक अद्यावधिक गरीरहने प्रचलन नहुँदा बास्तविक कभरेज बताइएभन्दा निकै कम छ भन्न सकिन्छ । सन् २०१४/१५को इएमआई तथ्याँक अनुसार ८०प्रतिशत विद्यालयहरुमा चर्पि नै थिएनन भने ७०प्रतिशत विद्यालयहरुमा केटारकेटीहरुका लागिपृथक शौचालय थिएनन्।खुला दिसापिसाव गर्ने प्रचलन विभिन्न क्षेत्रहरुमा एकनास छैन।शिक्षित र सम्पन्न परिवार र क्षेत्रमा यो प्रचलन कम छ भने विपन्न र बञ्चितिकरणमा परेका समुदायहरुमा बढि छ । अन्य भौगोलिक क्षेत्रमा भन्दा तराईमा समाजबाट बढि अनुमोदित भएकोले यो प्रचलन बढी छ । तराई र पहाडी क्षेत्रमा पनि पूर्वी, मध्य, पश्चिम,मध्यपश्चिम र सूदूर पश्चिम विकास क्षेत्रमा यो प्रचलन एकनास छैन ।त्यस्तै, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु, कारागारहरु, विभिन्न सरकारी तथा निजीक्षेत्रका कार्यस्थलहरु अन्य संस्थाहरुमा पनि खानेपानी र सरसरफाईको एकीकृत प्याकेजलाई अगाडि बढाउन सकिएको छैन । महिलाहरुको महिनावारीसम्बन्धी सरसफाई र आरोग्यतर्फ पनि खासै काम हुन सकेको छैन ।साथै, अपाँगता भएका व्यक्तिहरुको आवश्यकता अनुरुपका सेवाहरु विकास गर्न पनि सकिएको छैन ।

४.१.३ बजेट व्यवस्थातर्फ, ग्रामीण समुदायको योगदान खानेपानी र सरसफाई दुवैमा श्रम समेत २० प्रतिशत हुने र त्यसमध्ये एक प्रतिशत नगद नै हुनुपर्ने व्यवस्था अनुरुप नै काम भैरहेको छ । तर निर्माणकार्य शुरु गर्नुपूर्व नै संचालन र मर्मत खर्चका लागि कोष स्थापना गर्ने, विपन्न वर्गको लागि विशेष अनुदान दिन चक्रकोष र पुनस्थापना कोष स्थापना गर्ने जस्ता कार्य प्रभावकारी हुन नसकेको पाइएको छ ।सरकारको तर्फबाट खानेपानी आपूर्ति र सरसफाई एवं आरोग्यतासम्बन्धी सेवाहरुको बिस्तार सँगसँगै लगानी पनि बढ्दै गैरहेको छ । ग्लास प्रतिवेदनले नेपालको चालू आ.व.को यसक्षेत्रको बजेट करिव ४३ अर्व (अमेरिकी डलर ४३ करोड) रहेको देखाएको छ । त्यस्तै वाश (WASH)क्षेत्रमा प्रतिव्यक्ति खर्च हेर्दा विश्वको औसत ५० अमेरिकी डलर रहेको छ भने नेपालको ६ अमेरिकी डलर रहेको छ जुन निकै कम हो । त्यस्तै, कूल गार्हस्थ उत्पादनमा यसक्षेत्रको लगानीको हिस्सा विश्वको औसत अमेरिकी डलर १.२७ प्रतिशत छ भने नेपालको ०.८३ प्रतिशत मात्र रहेको छ । बजेटको स्रोत हेर्दा विश्वमा औसत ६६ प्रतिशत घरपरिवारले व्यहोर्ने गरेको देखिन्छ भने नेपालमा १३ प्रतिशत मात्र घरपरिवारले वेहोर्ने गरेको देखिन्छ जुन निकै न्यून हो (NUF प्रतिवेदन, २०१७)। यसरी विश्व समुदायको तुलनामा हामीले यो क्षेत्रमा कम लगानी गरेका छौं र आम जनसमुदायले पनि कम योगदान गरेको छ भन्ने देखिन्छ ।

४.१.४ नीतिगत संस्थागत र लगानीका दृष्टिले नेपालमा खानेपानी तथा सरसफाईको क्षेत्र विखण्डित छ । विद्यमान नीतिहरु शहरी र ग्रामीण क्षेत्रका लागि भिन्न छन् । विभाग, कोष विकास समिति, डोलिडार, स्थानीय निकायहरु र गैससहरु अलगअलग सेवा प्रवाहका वाहिकाहरु (Channel) का रुपमा रहेका छन् । यी सबैको आआफ्नै कार्यपद्धति, दृष्टिकोण, प्राथमिकता, र नम्सहरु छन् जसले गर्दा एउटै नीतिको भिन्नभिन्न गतिमा बहुकार्यान्वयन (Multiple Implementation) को स्थिति बन्ने गरेको छ । यो स्थितिमा जवाफदेहीता र उत्तरदायित्वको प्रणाली स्थापित गर्न गाह्रो हुन्छ । त्यस्तै, सेवा प्रवाहका लागि सेवाको स्तरहरुलाई पनि स्तरीकरण गर्न सकिएको छैन । प्रस्तुत नीति तथा रणनीतिले खानेपानी तथा सरसफाईमा आधारभूत प्रावधानभन्दा माथिल्लो चरण र स्तरको सेवाका लागि प्रष्ट मार्गचित्रहरु प्रस्तुत गर्दैनन् । साथै, यसलाई छैठौं दीगो विकास लक्ष्य र त्यसका सूचकहरुसँग सामन्जस्य हुने गरी पुनरावलोकन गर्नुपर्ने आवश्यकता छ । खर्चले धान्न सक्ने लागतमा समतामूलक ढँगले सेवा उपलब्ध गराउने, पानी प्रशोधन पुनचक्रण प्रविधिमार्फत सुरक्षित बनाई पुन प्रयोग गर्ने, पानीको उपचार र उपयोगमा कुशलता बृद्धि गर्ने, एकीकृत जलस्रोत व्यवस्थापन लागू गर्ने, पानीसँग सम्बन्धित अन्तरनिर्भरताहरुको पहिचान गरी व्यवस्थापन गर्ने जस्ता विषयहरुमा थप ध्यान दिनुपर्ने आवश्यकता छ । यी विषयहरु नीतिगत सुधारका विषय बन्न सक्छन् र यीनलाई यस खण्डमा प्रस्तुत गरिएका अन्य वुँदाहरुलाई समेत समावेश गरी परिमार्जित एकीकृत र विस्तृत नीतिको तर्जुमा गर्नु बाञ्छनीय छ ।

४.१.५ खण्डित नीतिगत र संस्थागत व्यवस्थाका कारणले कार्यान्वयन निकायहरुको अप्रोच, नम्र्स, विधि र पद्धतिहरुमा एकरुपता पाइदैन । खानेपानी तथा ढल निकास विभाग, कोष विकास समिति, डोलिडार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, स्थानीय निकायहरुको कार्यपद्धति र भूमिकामा पनि विविधता देखिएको छ । साथै यी संस्थाहरुवीच आयोजना तर्जुमा र कार्यान्वयनका लागि यथेष्ट छलफल, अन्तरक्रिया र आदान प्रदान पनि हुन नसकिरहेको बुझियो । केन्द्र, जिल्ला, र गाउँस्तरमा गठित खानेपानी तथा सरसफाई समन्वय समितिहरुको बढि जोड सरसफाईतर्फ भएकोले खानेपानी क्षेत्रमा कम सूचना र जानकारीहरु आदान प्रदान हुने गरेको भन्ने बुझिन आयो । सूचनाहरुको आदानप्रदान, आयोजनाहरुको नक्शाँकन, एवं परस्पर सम्बद्धता र सहक्रियात्मकताको अभावमा समग्र क्षेत्रको कार्यकुशलता र प्रभावकारीतामा असर गरिरहेको

अवस्था छ । संघीय ढाँचामा रुपान्तरित हुने क्रममा धेरै कार्यहरु स्थानीय निकायहरुलाई हस्तान्तरण गरिने सन्दर्भमा यी कतिपय कुराहरुमा सुधार हुँदै जाने आशा गर्न सकिन्छ ।

४.१.६ हालसम्मको प्रयासहरु मूलत खानेपानी तथा सरसफाईको आधारभूत सेवामा पहुँच बढाउनेतर्फ केन्द्रीत रहेको छ । त्यसैले सेवा सुविधाको गुणस्तर सुधार गर्ने र स्तरबृद्धि गर्नेतर्फ खासै ध्यान जान सकेको छैन । खानेपानी सम्बन्धी मापदण्ड, २००७ र सेवाहरुको स्तरसम्बन्धी विद्यमान नीतिगत व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

४.१.७ खानेपानी प्रणालीहरुमा पानी आपूर्ति सुचारु गर्ने सवालमा पनि समस्या छ । बहुसँख्यक आयोजनाहरु विभिन्न प्रकारका समस्याले ग्रस्त छन् कतै वर्षभर पानी आपूर्ति हुँदैन, कतै सामान्य मर्मत सम्भार त कतै ठूल्ठूलो मर्मत, पुनर्स्थापन र निकै ठूलो सँख्यामा पुन निर्माणकै पनि आवश्यकता परेको देखिन्छ । मर्मत सम्भारको कामलाई अघि बढाउने कार्यमा उपभोक्ता समितिहरुको प्रभावकारीता अधिकाँश स्थानहरु कम देखिने गरेको छ । मर्मत सम्भार कोषहरुको स्थापना अत्यन्त कम आयोजनाहरुमा मात्र भएको छ र भएका पनि अधिकाँश प्रभावकारी छैनन् । कतिपय स्थानमा ससाना पार्टपुर्जाको अभाव, प्राविधिकहरुको अभाव, मर्मत कोषको अभाव र उपभोक्ताहरुमा मर्मतका लागि योगदान गर्न अनिच्छा व्यक्त हुने र पुरानो मर्मत सुधार गरी सुचारु गर्नको सट्टा राजनीतिक नेताहरुसँग माग राखी नयाँ आयोजना ल्याउने प्रवृत्ति पनि बाक्लै देखिएको छ । यसले गर्दा आयोजनाहरुको दीगोपनको पाटो अत्यन्त चुनौतिपूर्ण देखिन्छ ।

४.१.८ खानेपानीका आयोजनाहरु जिल्लास्तरबाट सिफारिश भै आउने भन्दा पनि राजनीतिक दलका नेता तथा साँसदहरुको सिफारिशमा केन्द्रमा सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगले वार्षिक विकास कार्यक्रमहरुमा समावेश गर्ने परिपाटिले गर्दा स्थानीय सूचना र प्रमाणहरुमा आधारित योजना पद्धतिको विकास हुन सकेको छैन । यसले गर्दा समतामूलक वितरणमा समस्या आएको छ र कतै ओभर सप्लाई र कतै अन्डर सप्लाईको अवस्था विद्यमान हुन सक्ने कुरालाई इन्कार गर्न सकिदैन ।

४.१.९ कोष विकास समितिका कार्यक्रम र आयोजनाहरु वाहेक अन्य कार्यक्रमहरुको डिजाइनमा प्रष्ट कार्य कारण सम्बन्धहरु स्थापित हुन नसकेको र बजेटको विनियोजनलाई प्रष्ट प्रतिफल, प्रभाव र असरका सूचकहरुसँग आवद्ध गर्न सकिएको छैन । न त क्रियाकलापहरुको कार्यक्रमको उद्देश्यसँगको आवद्धतालाई वैज्ञानिक दृष्टिले मूल्याँकन गर्ने प्रयास नै भएको छ । विभागले संचालन गरिरहेको कार्यक्रमहरुको व्यवस्थित मूल्याँकन पनि हुन सकेको छैन । अन्य क्षेत्रहरुमा जस्तै यस क्षेत्रमा पनि उत्प्रेरणा प्रणाली र पुरस्कार र दण्डको प्रावधान छैन । न त नियमित र सूचकहरुमा आधारित भएर प्रभावकारी रुपमा अनुगमन गर्ने प्रचलनको विकास हुन सकेको छ ।

४.१.१० सरसफाईतर्फ विद्यमान गुरुयोजना बढि खुल्लादिसापिसाव मुक्त क्षेत्र बिस्तारतर्फ केन्द्रीत भएकोले सम्पूर्ण सरसफाईको अवधारणालाई समेट्न नसकेको भन्ने बुझियो । यसले गर्दा हाल सरसफाई आन्दोलनले स्थानीयस्तरमा जोड पकडिरहेको बेला बनिरहेको अनुकूल वातावरणमा सरसफाईका समग्र सवालहरुलाई एकीकृत रुपमा सम्बोधन गर्नका लागि पर्याप्त कार्य गर्न नसकिरहेको भन्ने बुझियो । त्यसैले सरसफाईसम्बन्धी गुरुयोजनालाई पुनरावलोकन गरी सम्पूर्ण सरसफाईको अवधारणार दीगो विकासका सूचकहरुसँग आवद्ध गर्न बाञ्छनीय छ ।

४.१.११ समतामूलक सेवाका दृष्टिबाट समावेशीकरणका लागि प्रयासहरु भएका छन् । उपभोक्ता समितिहरुलाई प्रतिनिधिमूलक बनाउने गरिएको छ । कर्मचारी भर्ना गर्दा, तालिमको व्यवस्था गर्दा सबैमा मन्त्रालयले तयार गरेको लैगिक तथा सामाजिक समावेशीकरणसम्बन्धी मार्गदर्शनका आधारमा गर्ने गरिएको छ र नीतिहरुमा, संस्थाहरुमा, कार्यक्रम र आयोजना विकास र

कार्यान्वयनमा यो विषयलाई मूलप्रवाहीकरण गर्ने प्रयास गरेको छ । तापनि विपन्न समुदायका लागि गरिनुपर्ने लक्षित कार्यक्रमहरु भने हुन नसकेको बुझियो । त्यस्तै सेवा सुविधालाई अपाँगता भएका व्यक्तिहरु मैत्री बनाउनेतर्फ पनि प्रगति हुन सकेको छैन ।

४.१.१२ नीतिको मर्म अनुरुप आयोजनाको स्वामित्व, संचालन र सम्भारको दायित्व उपभोक्ता समितिले लिनेतर्फ त्यति रुची नदेखाएको, योगदान गर्न अनिच्छा देखाएको, मर्मत सम्भार कोष, पुनस्थापना कोष र चक्रिय कोष स्थापना गर्ने तर्फ उत्साहजनक प्रगति हुन नसकेको अवस्था रहेको छ । यो स्थिति आयोजनाहरुको दीगोपनका दृष्टिले सकारात्मक भन्न सकिदैन । उपभोक्ता समूहहरुलाई व्यवस्थापकीय सीप प्रदान गर्ने र जवाफदेही बनाउने, समूहहरुवीच अनुभव र सहयोग आदान प्रदान गर्न महासंघहरु गठन गर्ने र मर्मत सम्भारसम्बन्धी शर्तहरु, पानीको महसुल निर्धारणजस्ता विषयहरु समेत समावेश गरी दीगोपन सुनिश्चित गर्नका लागि एक प्याकेज बनाएर कार्यान्वयन गर्नु आवश्यक छ ।

४.१.१३ मुलुक संघीय संरचनातर्फ जान लागेको सन्दर्भमा खानेपानी र सरसफाईका कार्यक्रमहरु स्थानीय निकायमै जाने देखिन्छ । बढ्दो भूमिकाका लागि ती निकायहरु कतिको तयार र सक्षम छन् भन्ने कुराको लेखाजोखा विश्लेषण हुनु जरुरी छ । यस सन्दर्भमा नीति निर्माणको दायित्व संघ, प्रदेश, र स्थानीय निकायलाई कसरी विभाजन गर्ने भन्ने बारेमा वहस र छलफल आवश्यक पर्ने देखिन्छ । अक्सर स्थानीय निकायहरुसँग आर्थिक तथा मानवीय स्रोत र प्राविधिक ज्ञान र खानेपानी, सरसफाई, स्वास्थ्य र पोषण वीचको सम्बन्ध बारे ज्ञानको कमीले गर्दा हालकै स्थितिमा बढिरहेको जिम्मेवारी निर्वाह गर्न कठिनाई हुने सम्भावना छ ।

४.१.१४ व्यवस्थापन सूचना प्रणाली र पहिचान गरिएका सूचकहरु अनुसार सूचनाहरु संकलन गर्ने र अद्यावधिक गर्ने कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । खानेपानी तथा ढल निकास विभागले खानेपानी तथा सरसफाई सेवामा पहुँच र सेवाहरुको सुचारुतासम्बन्धीसूचनाहरु संकलन गर्ने अद्यावधिक गर्ने र योजना तथा कार्यक्रम तर्जुमाका लागि सूचनाहरु उपलब्ध गराउने, प्रचार प्रसार गर्ने उद्देश्यले राष्ट्रिय व्यवस्थापन सूचना आयोजनाको स्थापना गरेको भएपनि सूचक बमोजिमका खण्डिकृत सूचनाहरु उपलब्ध नहुने अवस्था रह्यो । खानेपानी तथा सरसफाई क्षेत्रको तथ्याँकहरु, विभिन्न कार्यक्रम आयोजना वा स्किमहरुको कार्यान्वयन, संचालन, मर्मत सम्भार र पुनर्स्थापनको अवस्था र आवश्यकताका बारेमा निरन्तर सूचनाहरु अद्यावधिक गरी बजेट र कार्यक्रम तर्जुमा प्रक्रियालाई पृष्ठपोषण गरिहेको अवस्था देखिएन । त्यस्तै, हालसम्म एउटा पनि मूल्याँकन हुन नसकेको बुझिएको छ । यसले अनुगमन मूल्यांकन र सूचना प्रणालीको अपर्याप्ततालाई इंगित गर्दछ ।

४.१.१५ जलवायू परिवर्तनका प्रारम्भिक लक्ष्यणहरु देखा पर्दैछन् । बढ्दो वातावरणीय ह्रास तथा प्रदुषणले कतिपय ग्रामीण क्षेत्रहरुमा पानीको स्रोतहरु सुक्दैछन् भने कतिपय स्रोतहरु प्रदुषित भई प्रयोग गर्न नसकिने भैरहेका छन् र पानीको आपूर्तिमा कमी आइरहेको छ । नीतिगत पुनरावलोकनमा यो विषयलाई पनि सम्बोधन गर्नुपर्ने देखिएको छ ।

४.२ सुझावहरु

माथिका निचोडहरुमा नै भावी नीतिगत र संस्थागत सुधारका लागि सुझावका रुपरेखाहरु प्रस्तुत भएका छन् । तापनि विशेष गरी देहायका विषयहरुमा बढि ध्यान पुर्याउन बाञ्छनीय हुनेछ–

४.२.१ सर्वप्रथम त सालबसाली कहिल्यै अन्त नहुने खालका कार्यक्रम राख्ने र प्राप्त बजेटलाई इन्क्रिमेन्टल ढंगले खर्च गर्दै जाने प्रवृत्ति रहेको छ । यसलाई परिवर्तन गर्दै विद्यमान कार्यक्रमहरुको

सान्दर्भिकता, प्रभावकारीता, र लागत प्रभावकारीताको समय समयमा लेखाजोखा गरी सालवसाली रुपमा रहेको कार्यक्रमहरुको आवश्यकता अनुरुप पुनसंरचना गर्ने वा हटाउनेतर्फ सोच्न जरुरी छ । संघीय ढाँचामा जाने सन्दर्भमा यी कार्यहरु कुनतहको सरकारबाट गर्न उपयुक्त हुने हो यकीन गरी जिम्मेवारी र कार्यविभाजन गर्न आवश्यक छ । बहुसँख्यक आयोजनाहरु स्थानीय निकायमै जानसक्ने प्रकृतिका देखिन्छन् । कार्यक्रम तर्जुमामा पनि नयाँ विकल्पहरुमा जाने र रुपान्तरकारी सोचको आवश्यकता छ । कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नेसेवाको परिमाण, गुणस्तर र स्तर यकीन गर्ने, माग र आवश्यक पूर्वाधारको लागत इस्टिमेटमा आधारित भै स्रोत साधनको विनियोजन गर्ने, स्रोतसाधनको उच्चतम उपयोग र लागतको मूल्य (value for money) मा जोडदिने, अन्तरनिकाय समन्वयमा सुधार गर्ने र दुई उपक्षेत्रहरु (खानेपानी र सरसफाई) मा न्यायोचित साधनको बाँडफाँड गर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

४.२.२ खानेपानी र सरसफाईको कभरेज कम भएका जिल्ला र समुदायहरुमा बढि जोड दिदै विशेष गरी राष्ट्रिय औसतभन्दा कम कभरेज भएका मध्य तराईका ८ जिल्लाहरु र अन्य त्यस्तै पकेटहरु पहिचान गरी थप लक्षित कार्यक्रम, बजेट र प्रयास केन्द्रीत गर्नुपर्ने देखिन्छ । हाल पनि प्रयासहरु यसै दिशामा भैरहेको पाइन्छ त्यसलाई थप प्रभावकारी र सम्पूर्ण बनाउनु जरुरी छ ।

४.२.३ खानेपानी तथा सरसफाईको एजेण्डालाई स्वास्थ्य, आरोग्य र शिक्षा क्षेत्रका साथै अन्य संस्थागत क्षेत्रहरुमा पनि एकीकृत र समन्वित गरी अघि बढाउनु आवश्यक छ । विद्यालयमा छात्रछात्राका लागि अलग शौचालयको व्यवस्था क्रमश विस्तार हुँदै गैरहेको छ । स्वास्थ्य सेवा सुविधा र विशेष गरी प्रसुतिकक्ष र विरामी कक्षमा पानीको व्यवस्था सम्बन्धमा सरकारले मार्गदर्शन तयार गरेको छ । तर त्यसको कार्यान्वयनका लागि व्यवस्थित योजना तयार भएको छैन र विद्यमान कार्यान्वयन प्रणालीमा पनि समन्वयको खाँचो छ । महिलाहरुको गरिमा, सुरक्षा र स्वास्थ्यका लागि महिनावारीसँग सम्बन्धित सरसफाई र आरोग्यको विशेष महत्व छ । सफाकपडा वा स्यानीटरी प्याड, त्यसलाई फेर्ने सुरक्षित स्थान, पानी र साबुन, र प्रयोग गरेका सामानहरु सुरक्षित रुपमा फाल्ने ठाउँको आवश्यक एकातर्फ छ भने अर्कोतर्फ यस्तो बेला अपनाउनु पर्ने सावधानीका बारेपनि ज्ञान दिनुपर्ने आवश्यकता छ । यसबारेमा परिवार, आफन्तजन, मित्रमण्डली, शिक्षकहरु र बृहत समाजमा नै सचेतना फैलाउने, कारागारहरु, लोकमार्गहरु, सार्वजनिक स्थानहरु, र अन्य विभिन्न सरकारी र निजी संस्थाहरुमा पनि पर्याप्त सेवासुविधा विकास गर्नेतर्फ ध्यान दिनुपर्ने भएको छ । साथै, अपाँगता भएका व्यक्तिका विशिष्ट आवश्यकताहरुलाई पहिचान गरी सेवा सुविधा विस्तार गर्नु आवश्यक छ ।

४.२.४ नीति तथा रणनीतिले खानेपानी तथा सरसफाइमा आधारभूत प्रावधानभन्दा माथिल्लो चरण र स्तरको सेवाका लागि प्रष्ट मार्गचित्रहरु प्रस्तुत गर्दैनन् । साथै यसलाई छैठौं दीगो विकास लक्ष्य र त्यसका सूचकहरुसँग सामन्जस्य हुने गरी पुनरावलोकन गर्नुपर्ने आवश्यकता छ । खर्चले धान्न सक्ने लागतमा समतामूलक ढँगले सेवा उपलब्ध गराउने, पानी प्रशोधन पुनचक्रण प्रविधि मार्फत सुरक्षित बनाई पुनप्रयोग गर्ने, पानीको उपयोगमा कुशलता बृद्धि गर्ने, एकीकृत जलस्रोत व्यवस्थापन लागू गर्ने, पानीसँग सम्बन्धित अन्तरनिर्भरताहरुको पहिचान गरी व्यवस्थापन गर्ने जस्ता विषयहरुमा थप ध्यान दिनुपर्ने आवश्यकता छ । माथि खण्ड ४.१ र यस खण्डमा प्रस्तुत गरिएका अन्य बुँदाहरुलाई समेत समावेश गरी विभिन्न सरोकारवाला निकाय र व्यक्तिहरुसँगको परामर्शमा हालसम्मका सिकाईहरुलाई एकीकृत गर्ने उपलब्धिहरुलाई सुदृढ गर्ने, शहरी क्षेत्रलाई समेत समावेश गर्ने र दीगो विकास लक्ष्यलाई पनि एकीकृत गर्ने गरी एक खानेपानी तथा

सरसफाईसम्बन्धी राष्ट्रिय गुरुयोजना तयार गर्न बाञ्छनीय छ जसले प्रदेश र स्थानीय तहका कार्यक्रम तथा बजेटहरुका लागि समेत मार्गदर्शन गरोस् ।

४.२.५संघीय प्रणालीमा जाँदै गर्दा प्रदेश र स्थानीय तहमा खानेपानी र सरसफाईका अधिकाँश क्रियाकलापहरु जाने भएकोले सम्बद्ध निकायहरुको क्षमता अभिबृद्धि, सूचना प्रणालीको विकास, नियमनकारी संयन्त्रको विकास, सरोकारवालाहरुको सहभागिता एवं सरकारी, गैरसरकारी, सामुदायिक क्षेत्र र विकास साझेदारहरुको भूमिका र क्रियाकलापमा समन्वयका लागि थप प्रयास जरुरी देखिन्छ ।

४.२.६ जलवायू परिवर्तनका विभिन्न परिणामहरु मध्ये एक विभिन्न रोगहरुको उत्पत्ति, संक्रमण तथा अन्य प्रकोपहरुमा बृद्धि पनि हो । भविष्यमा जलसँग सम्बन्धित प्रकोपहरुको सँख्या, स्केल र गंभीरतामा बृद्धि हुनसक्ने संभावना रहेको छ । यसको असर खानेपानीको उपलब्धता, गुणस्तर, सरसफाई र मानव स्वास्थ्यमा पनि पर्ने निश्चित छ । सन् २०१४ मा सरोकारवालाहरुबाट सम्पन्न यस क्षेत्रको संयुक्त समिक्षाले जलवायू परिवर्तनबाट यस क्षेत्रमा पर्न सक्ने असरहरुको बारेमा सम्पूर्ण अध्ययनको सिफारिश गरेको थियो जुन हाल पनि सान्दर्भिक छ । सेवाको बिस्तार जति महत्वपूर्ण छ त्यो भन्दा बढि सुसँचालन र दीगोपन सुनिश्चित गर्ने कुरा महत्वपूर्ण छ । त्यसैले बढ्दो जोखिमहरुको सन्दर्भमा जोखिमको पाटोलाई पनि सम्बोधन गर्नेगरी लचिला (Resilient) क्लाइमेट स्मार्ट सेवा सुविधाहरु निर्माण गर्ने परिपाटि विकास गर्नुपर्दछ ।

४.२.७ पहिलो नजरमा खानेपानी तथा सरसफाई सेवाको कभरेज सन्तोषजनक नै देखिन्छ र यो बढ्ने क्रममा पनि छ । खानेपानीको गुणस्तरतर्फ, पानीको स्रोत तथा उपयोग विन्दूमा पानीको गुणस्तर संतोषजनक नभएको भन्ने गुनासोहरु आइरहेको र यसको जनस्वास्थ्यमा पर्ने वहुआयामिक असरका सन्दर्भमा समग्र क्षेत्रगत सेवाको गुणस्तर र प्रभावकारीतामा जोड दिंदै खानेपानी सुरक्षा योजना, स्रोत र उपयोग विन्दूमा पिउने पानीको उपचारको व्यवस्था, गाउँ तथा नगर क्षेत्रहरुमा गुणस्तर परीक्षणसेवाको बिस्तारमा जोड दिनुपर्ने देखिएको छ । सेवाप्रवाहलाई निरन्तर राख्ने, प्रदुषण रोक्ने, उपचार गर्ने, पानीको उपयोगमा कुशलता बृद्धि गर्ने जस्ता विषयमा बढि ध्यान दिनु आवश्यक छ । सेवाको स्तरमा पनि सुधारका प्रशस्त गुँजायश देखिन्छ । त्यसैले आउने दिनहरुमा सेवाहरुलाई आधारभूतस्तरबाट स्तरोन्नत गरी मध्यम र उपल्लोस्तरका सेवाहरुमा लैजानु जरुरी भएको छ । साथै, सेवाहरुको प्रभावकारीता र दिगोपन कायमराख्न पनि त्यतिकै जरुरी छ ।

४.२.८ सरसफाईतर्फखुला दिसापिसावमुक्त क्षेत्रको घोषणा एक सामाजिक आन्दोलनको रुपमा अघि बढिरहेको छ । तर केही पकेटहरु यस्ता बाँकी छन् जहाँ यो आन्दोलनको प्रभाव न्यून रहेको छ । खुला दिसापिसावमुक्त घोषणा भैसकेका क्षेत्रमा समेत बालबालिकाको मलमुत्रको असुरक्षित व्यवस्थापन एक चुनौतिकै रुपमा रहेको छ । त्यसैले खुला दिसापिसाव मुक्तक्षेत्रबाट यो आन्दोलनलाई सम्पूर्ण सरसफाईको आन्दोलनमा रुपान्तरण गर्न बहुक्षेत्रीय दृष्टिकोणका साथसाथै स्थानीय निकायहरुमा उच्च राजनीतिक प्रतिबद्धता र सबै सरोकारवालाहरुको सहकार्यको आवश्यकता पर्ने हुँदा त्यसतर्फ पनि प्रयास हुनु आवश्यक छ ।

४.२.९ नेपाल तीव्र शहरीकरणको चरणमा पुगेको छ । नगरपालिकाहरुको सँख्यामा बृद्धि हुँदैछ । यसले गर्दा साना शहरहरुमा खानेपानी तथा सरसफाईका लागि गुणस्तरीय पूर्वाधार र सेवाहरुको बिस्तार गर्नुपर्ने आवश्यकता छ ।

४.२.१० व्यवस्थापन सूचना प्रणाली र व्यवस्थापन पहिचान गरिएका सूचकहरु अनुसार सूचनाहरु संकलन गर्ने र अद्यावधिक गर्ने कार्य प्रभावकारी रुपमा हुन नसकिरहेको देखिन्छ । हरेक वर्ष बजेट र कार्यक्रम तर्जुमा प्रक्रियालाई पृष्ठपोषण गर्ने गरी खानेपानी तथा सरसफाई क्षेत्रको तथ्याँकहरु,

विभिन्न कार्यक्रम आयोजना वा स्किमहरुको कार्यान्वयन, संचालन, मर्मत सम्भार र पुनर्स्थापनको अवस्था र आवश्यकताका बारेमा निरन्तर सूचनाहरु अद्यावधिक गर्ने परिपाटी बसाउनु जरुरी छ । सूचना प्रणालीलाई सुदृढ र अद्यावधिक गर्नका लागि उपलब्ध आधुनिक सूचना प्रविधिको अधिकतम उपयोग गर्दै सूचकमा आधारित गुणस्तरीय, भरपर्दो, सामयिक र आय, उमेर, जातजाति, क्षेत्र, बसाइसराई र लैंगिक आधारमा खण्डिकृत तथ्याँकहरु संकलन र अद्यावधिक गर्ने व्यवस्था हुन जरुरी छ ।